# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७९

# जानकी गाउँपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

**(सुदूरपश्चिम प्रदेश)**


पत्र संख्याः २०७८।७९

च.नं. ३७८

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

जानकी गाउँपालिका,

कैलाली ।

**कैफियत सहितको राय**

हामीले **जानकी गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट **रु.२ करोड ५७ लाख ४ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३७ लाख ५९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७६ लाख ४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १८ लाख २१ हजार र पेश्की बाँकी रु.२५ लाख २० हजार रहेको** छ । पालिकाको गत वर्षसम्म रु.१५ करोड २९ लाख ७३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ५५ लाख १३ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. ३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# जानकी गाउँपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८५ | ५४ | २५७०४ | ० | ० | ० | ८५ | ४४ | २५७०४ | ३७५९ | ११८२१ | ७६०४ | ० | ० | १९४२५ | २५२० |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १५२९७३ | ० | २३५८२ | १२९३९१ | ४१८ | २५७०४ | १५५५१३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जानकी गाउँपालिका, कैलाली , जानकी गाउँपालिका , कैलाली

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण बहादुर बिष्ट | २०७६-२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिनेश माझी | २०७६-९-८ | |
| | | **बेरुजु रकम** | २५,७०४,४६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १२,८६,८९,८९९.४३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०,४६,०६,१४९ | चालु खर्च | ३७,६७,८३,२७२.४५ |
| प्रदेश सरकारबाट अनुदान | २,२३,७६,८३२ | पूँजीगत खर्च | १९,७३,५८,७७०.८३ |
| राजश्व बाँडफाँट | १०,८८,२६,७१०.३८ | वित्तीय/अन्य व्यवस्था | १८,८३,०८,४९८.९५ |
| आन्तरिक आय | १,०३,८७,९०१.३४ | | |
| अन्य आय | १५,७४,१३,९२५.२२ | | |
| कुल आय | ७०,३६,११,५१७.९४ | कुल खर्च | ७६,२४,५०,५४२.२३ |
| बाँकी मौज्दात | | ६,९८,५०,८७५.१४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १०७.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४८५४० जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।१२।१३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा व्यक्तिगत घटना दर्ता डिजिटाइजेशनको रु.८०००।- मिति २०७८।११।६ मा पदाधिकारी सञ्चार खर्च वापत रु.८०००।- मिति २०७८।११।३० मा, अनुगमन भत्ता वापत २ जनाको रु.४०००।- मिति २०७८।११।३० मा र प्रशिक्षक भत्ता वापत १ जनाको रु.४९२५।- गरि जम्मा रु.२४९२५।- असुल दाखिला भएको छ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ४.१ | | | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>•. स्थानीयसरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन , .<br>• स्थानीयसरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ,<br>• . जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • . सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ,<br>•. अधुरा आयाोजनाहरूको समिक्षा गरेको प्रमाण देखिएन ,<br>•. कार्यालयले बैक हिसाव मिलान गरेको देखिएन ,<br>•. पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । · स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो .<br>· • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन , ·<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको , ·<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,<br>· • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा से अनुसार गरेको पाईएन ,<br>·• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ,<br>• सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २४५जनाको दरबन्दी रहेकोमा १०१ दरबन्दी रिक्त रहेको पाईयो ,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितण मुखि रहेको पाईयो ,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ।<br>१. कार्यालयको आफनो पहुच भन्दा बाहिरको निकायको पहुच रहेको ।<br>२.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।<br>३. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन ।<br>४ . कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको । समग्र कारोवार एउटै सफ्टवयरबाट नभएको कारण पालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ४.३ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |
| ४.४ | | | **भ्रमण अभिलेख : भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७७।७८ भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।**<br>**• म. ले. प. फाराम बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।**<br>**• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।**<br>**• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र लिने गरेको देखिन्छ ।** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.५ | | | **बेरुजु लगतः** यस कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **रकमान्तरः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । गाउ पालिकाकाको बिनियोजन ऐन २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन ।यस गाउपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ९करोड ९१ लाख ४७हजार अर्थात कुल बजेट रू६७ करोड.८१ लाख ०२ हजारको. १४।६२ प्रतिशत रकमाान्तर गरी खर्च गरेको छ र सोको लागी गाउसभाको स्वीकृर्ति लिएको छैन । गाउपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । | |
| ५.२ | | | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत जम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४९४०४२६०।९२ | ४४०७७०९०।३३ | ७।६७ |
| २ | पूर्वाधार विकास | २३१७८२६४९।१५ | १२५०२००७८।८९ | २१।७८ |
| ३ | सामाजिक विकास | ३०५८५५८४१।२१ | २६८८५९९७३।१० | ४६।८३ |
| ४ | बातावरण तथा विकास | १११२५६६।२१ | ९५९७८३।२१ | ०।१७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २६१७१३९३।२२ | १८३१४७५३।४२ | ३।१९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२०११३२२९।२९ | ११६९१०३६१।३३ | २०।३६ |
| **जम्मा** | | **७३४४३९९४०।००** | **५७४१४२०४३।२८** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४६।८३ प्रतिशत र बातावरण तथा विकास मा सबै भन्दा घटीमा ०।१७ प्रतिशत रहेको छ ।


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.६ | | | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । हजारमा | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | ३७६७८३ | ७६०२१ | ८६६०७ | २१४१५३ | १०६२९३ |
| | पूँजिगत खर्चतर्फ | १७९३५८ | १७४४५ | ३४२५१ | १४५६६१ | १०३८४९ |
| | जम्मा | ५७४१४२ | ९३४६७ | १२०८५९ | ३५९८१५ | २१०१४३ |
| | प्रतिशत | ७८।१७ | १६।२८ | २१।०५ | ६२।६७ | ३६।६० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ५७४१४२०४३।२८ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ९३४६७३८३।७६ दोश्रो चौमासिकमा रु १२०८५९४३५।०० तेश्रो चौमासिकमा रु ३५९८१५२२४।०८ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु २१०१४३६३५।२० अर्थात ३६।६० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वित्तीय विवरण परिक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | **वित्तीय विवरणः** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६.२ | | | **जम्मेवारी फरक परेकोः**– स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त भएको र खर्च भएको रकम स्पष्ट देखिने गरि हिसाब मिलान राखेर जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानिय तहले गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार आर्थिक विवरणको अन्तिम बैँक मौज्दात गत आर्थिक वर्षको अन्त्यमा रु.१२७५४४८२२.८७ मौज्दात कायम भएकोमा यस वर्ष रु.१२८६८९८९९.४३ जिम्मेवारी सारेको छ । गत वर्षको मौज्दात भन्दा रु.११४५०७६.५६ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन हुनुपर्दछ । | |
| ६.३ | | | **कर्मचारी कल्याण कोषः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरण रकमबाट कार्यविधि निर्माण गरि कर्मचारी कल्याण कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ । यसरी एकमुष्ट रुपमा रकम जम्मा गर्नुको सट्टा कर्मचारीको पनि योगदान हुने गरि रकम कट्टी गरि जम्मा गर्ने र कोषको सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **संगठन, कर्मचारी व्यवस्थापन र सेवा प्रवाह** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सव-इन्जीनियर सहित १०१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७.२ | | | **कर्मचारी करारः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ६० जना कर्मचारीहरु करारमा राखि रु.१९४२५९००.० तलब भत्तामा खर्च लेखेको छ । कार्यबोझ तथा काम बिश्लेषणको आधारमा नराखी नहुने कर्मचारी मात्र व्यवस्थापन सर्भेक्षण गरेर कानुन अनुसार मात्र भर्ना गर्नुपर्नेमा पालिकाले सोझै यसरी कर्मचारी भर्ना गरी पारिश्रमिक भुक्तानी गर्दा पालिकालाई अनावश्यक दायित्व सिर्जना हुने देखिन्छ भने यसले पालिकको कार्यवोझ अनुसारको कार्य तथा सेवा प्रवाह हुदैन । अत व्यवस्थापन सर्वेक्षण गरेर मात्र कर्मचारी भर्ना गर्नुपर्दछ । | |
| ७.३ | | | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, ३ वटा नियमावली र १७ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४ |
| **पञ्जिकरणतर्फ** | **४६१९** |
| | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | जन्मदर्ता | २८२७ | | |
| | | | | मृत्युदर्ता | ५०७ | | |
| | | | | बसाईसराई दर्ता | २२० | | |
| | | | | विवाह दर्ता | ८५० | | |
| | | | | सम्बन्धविच्छेद दर्ता | ५ | | |
| | | | | **पूर्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | ८ कि.मी. | | |
| | | | | कालोपत्रे सडक मर्मत | ४ कि.मि. | | |
| | | | | ग्राभेल सडक निर्माण | ३० कि.मी. | | |
| | | | | ग्राभेल सडक मर्मत | ३ कि.मी. | | |
| | | | | ट्र्याक खोल्ने | ३ कि.मी. | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.४ | | | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०76÷77 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ देखि २ लाखसम्म | रु २ देखि ५ लाखसम्मका | रु ५ देखि १० लाखसम्मका | रु १० देखि ५० लाखसम्मका | ५० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| २५६ | १२१ | १७१ | ४१ | ५३ | १६ | ६५८ |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.९,२७५.० देखि रु.१ करोड ५० लाख सम्मका जम्मा ६५८ वटा योजनाहरु संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २५६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ८ | | | **शिक्षा तर्फ** | |
| ८.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुमा कुल २०३ शिक्षक दरवन्दी रहेकोमा २०३ जना पदपूर्ति भएको र पदपुर्ती मध्ये ९२ जना करारमा कार्यरत रहेको र जम्मा विद्यार्थी संख्या ७७६१ रहेको विवरण प्राप्त भएको छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरि अध्यापन सुचारु गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ११ (ज) अनुसार माध्यमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको अधिकार क्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ८.३ | | | **निजि विद्यालय अनुगमन मापदण्डः** पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण, निजी विद्यालय शुल्क निर्धारण गरेको छैन र निजि विद्यालयले निर्धारण गरेको शुल्क तथा त्यहाँको शैक्षिक गुणस्तरका सम्बन्धमा अनुगमन गरेको छैन । | |
| ८.४ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका बिद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा निमयन सम्बन्धि कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन समबन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन भए नभएको देखिने अवस्था एकिन हुन नसकेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलायई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **कानुन निर्माण एवं कार्यान्वयन** | |
| ९.१ | | | **कानून र सञ्चालन स्थितिः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ३ वटा नियमावली, १५ कार्यविधि लगायत ३६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **न्यायीक समितिः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २७ र यो बर्ष थप भएको २१ गरी कुल ४८ विवाद दर्ता भएकोमा ३४ वटा मात्र फछ्र्यौट भई १४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **खरिद ब्यवस्थापन** | |
| १०.१ | | | **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिकखरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्नब्यहोरा राखीप्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।<br>१ . खरिद सम्झौता संख्या,<br>२. सम्पन्न भएको निर्माण कार्य,पाप्त भएको माल समान वा सेवाको बिवरण,<br>३.निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा पाप्त भएको मिति ,<br>४. सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति,<br>माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रृया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । यस कार्यालयदारा आर्थिक बर्ष २०७७।७८ मा संचालित वा बिगत आा.वा.बाट सर्दै आएका यस बर्ष सम्पन भई भुक्तानी भएका योजनाहरुको कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन । कार्यालयले अधिकाशं योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने गरेको र उक्त प्रतिबेदनमा समेत कार्य शुरु भएको र सम्पन्न भएको मिति समेत उल्लेख नगरी प्राबिधिक र कार्यालय प्रमुखले सही गरी रकम भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था पालना नगरी गरेका कार्य समयमा नै भएका हुन भन्न सकिने आधार देखिएन । गाउपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था पालना गर्न तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | **गुणस्तरपरीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्तिगरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यावसायीबाट आपर्ति गरेका बधिकाशं तथा उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अत गाउपालिका कार्यालयले आपुर्ति गरेका समान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराउनतर्फ ध्यान दिनु पर्दछ । | |
| १०.३ | | | **म्याद थप:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०मा ऐनको दफा ५६ बमोजिमको अवस्था परीखरिद सम्झौताको काम त्यस्तो अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यावसायी,आपुर्तिकर्ता,सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई ख रिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिनअगावै समबन्धित सार्वजनिक निकायमा अवधि थपकोलागी निबदेन दिनु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यलयमा गत बिगत देखि सम्झौता भई हालसम्म सम्झौता बमोजिमका कार्य सम्पन्न हनु नसिकी बाकी रहेका निर्माणका कार्यहरुको निर्माण ब्यावसायी अवधि भित्र निबदेन नदिएको अवसथामा समेत अधिकाशंको गाउपालिकाले एकमुष्ट रुपमा पटक पटक निर्णय गराई म्याद थप गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था प्रकृया पुरा नगरी म्याद थप गर्दा बिगत देखिका योजनाहरु सम्पन्न हुन नसकेको देखिन्छ भने अर्कोतर्फ निमार्ण ब्यावसायीको ढिलाईको कारणले गर्दा सम्पन्न नभएका योजनाहरुबाट पूर्वनिधारीत क्षेतिपुर्ति लिन बाट बन्चित गरेको देखिन्छ । अत गाउपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था कार्यान्वियन गर्न तर्फ ध्यादिनु पर्दछ । केही उदाहरण निम्न छन | |

| भौचर न. | योजनाको नाम | आर्थिक बर्ष | पार्टीकोनाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| २७।२०७७।७५ | कवर्ड हल निर्माण | २०७४।७५ | बंगलामुखी टि.डी आर जे.भी | २५५७२५२ |
| २९।२०७७।७।५ | लायकपुर सुर्यपुर भगरैया अमरावती फायरलाईन सडक | २०७५।७६ | शाही कन्स्टकशन | ५५६२४४८ |
| ७७।२०७७।८।३० | फायरलाई सडक निर्माण | २०७६।७७ | आर. एस कन्सटकशन | १४३६७१६ |
| २९९।२०७८।२।२५ | जानकी ५ पथरैया सडक | २०७६।७७ | एस.के एल निर्माण सेवा | २५४८२९७ |
| १४८।२०७७।११९ | स्वास्थ्य चौकी भवन निर्माण | २०७६।७७ | जय प्रभु निर्माण सेवा | २०९५३८७ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.४ | | | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।अत गाउपालिका कार्यालयले सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ११ | | | **जिन्सी निरीक्षण प्रतिवेदन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ (१) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन पेश नगरेकोले पालिकाको जिन्सी मालसमान अवस्था बारे यकिन हुन सकिएन । नियमावलीले गरेको व्यावस्था बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी जिन्सी सामानको विवरण अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |
| १२ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सार्वजनिक सम्पत्तिको अभिलेख**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैन ।संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नपर्दछ । | |
| १४ | | | **कोभिड खर्च**<br>कोभिड खर्चः कोभिड १९ बाट उत्पन्न परिस्थितिको व्यवस्थापन गर्न नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्यबाट श्रोत व्यवस्थापन गरी क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन, गाडी भाडा, जनशक्ति परिचालन कोभिड सम्बन्धि सुचना प्रकाशन, औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री सोझै खरिद कोभिड भत्ता, आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन टिकापुर अस्पताल, कोरोना बिमा र स्वास्थ्य पूर्वाधार निर्माणमा खर्च गरेको छ ।प्रकोप व्यव्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ। एकमुष्ठ रुपमा खर्च देखाइएको उक्त रकम कहाँ कहाँ कसरी खर्च भएको हो खुल्दैन ।अतः एकिन नगरी हुने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।कोभिड कोषमा संघीय सरकार र आफ्नो निकायबाट अनुदान पटक पटक प्राप्त भएकोमा सो को निकायगत प्राप्ति एवं शीर्षकगत खर्चको विस्तृत विवरण गाउँपालिकाले तयार गरेको छैन ।औषधि खरिद, अन्य संस्थालाई गरेको सहयोग र क्वारेन्टिन सञ्चालन खर्च लगायतका शिर्षकगत पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन ।शिर्षक नखुलाई अन्य शीर्षकमा भएको खर्च पारदर्शी छैन । साथै पालिकामा प्राप्त भएको कोभिड खोप प्राप्ति सम्बन्धि विवरण प्राप्त नभएकोले कति खोप प्रयोग भएको कति जर्ति र कति फिर्ता भएको हो सम्बन्धमा यकिन हुन सकिएन । पालिकाबाट कोभिड बिरामी संख्या विवरण प्राप्त नभएकोले प्रति बिरामी कति खर्च भएको हो तथा कोभिड शिर्षकमा भएको खर्च सम्बन्धमा यकिन हुन सकिएन । | |

| आम्दानीको | रकम | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | १००००००० | राहात वितरण | ० |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | २०३१११५.१२ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १०९५३८८० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | २३४४४० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन | १२४७७२२ | |
| | | | प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ५१४०१८९.८५ | |
| | | | अन्य स्रोतबाट प्राप्त | ३००००० | स्वास्थ्य पूर्वाधार निर्माण | १५१०७८.४७ | |
| | | | | | अन्य शीर्षकमा भएको खर्च | ५८१८७८.२७ | |
| | | | | | बाँकी | २५९७४५६.६८ | |
| | | | जम्मा | ११९८३८८०.३९ | जम्मा | ११९८३८८०.३९ | |
| १५ | | | **निर्माण व्यवसायीले रसिद नबुझाएको**<br>गाँउपालिकाले ढुंगा गिट्टिको ठेक्का JRM\|IR\|OL\|2077\|078 नं कर्णाली नदीको तोकिएको क्षेत्रहरुबाट ढुङ्गा गिट्टी बालुवा र भरान संकलन तथा विक्रिमा कर शुल्क उठाउने सम्बन्धमा निर्माण व्यवसायी निराजन कन्स्ट्रक्सन प्रा लि सँग ८०९९७ घ. मि. परिमाण उत्खन्नको लागि ठेक्का मू अ कर बाहेक रु७१, ००,०००।– मा मिति २०७७।८।२३ सम्झौता गरेको पाइयो। रोयल्टि संकलनको लागि पालिकाबाट कन्स्ट्रक्सनलाई रसिद नं १ देखि १०००० सम्मको १०० ठेली नगदी रसिद छपाइ ७८ ठेली निर्माण व्यावसायिलाई दिइएकोमा व्यवसायीले सो रसिद पालिकामा बुझाएको देखिएन ।बाँकी रहेको २२ थान ठेली पनि लेखापरीक्षणको क्रममा पेश भएन। यसले गर्दा तोकिएको परिमाणमा रोयल्टि संकलन गरे नगरेको सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले निर्माण व्यवसायीसँग उपलब्ध गराएको रसिद फिर्ता मागि तोकिएको परिमाणमा नै रोयल्टी संकलन गरे नगरेको सम्बन्धमा छानविन हुनुपर्दछ ।साथै संझौता अनुसार पहिलो किस्ताको रकम निर्माण व्यवसायीले भ्याट बाहेक रु.३५५००००।– र दोश्रो किस्ताको रकम रु.३५५००००। फाल्गुन मसान्तभित्र बुझाउनु पर्ने संझौता भएकोमा दोश्रो किस्ता कोभिडको कारण जनाइ नबुझाएकोले पालिकाले Performance Bond जफत गरी बाँकी रकम असुल गरेको देखियो । यस्तो कार्य गर्ने निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सिफारिस गर्नुपर्नेमा पालिकाले सो गरेको नदेखिएकोले त्यसतर्फ ध्यान दिनुपर्दछ । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **संझौताको अभिलेख**<br>गाउँपालिकाले आय प्राप्तिको श्रोतहरुको संझौताहरु अद्यावधिक गरी अभिलेख व्यवस्थित तरिकाले सुरक्षित राख्नुपर्दछ । पालिकाको आय प्राप्तिका लागि भएका (बहाल, शुल्क जस्ता)सम्झौताहरु अद्यावधिक पनि छैन र अभिलेख पनि सही तरीकाले राखिएका छैनन् । आन्तरिक आय रु.१ करोड ३ लाख ८७ हजार ९०१प्राप्त छ । उक्त रकम सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त भएको रकम सम्बन्धमा कार्यालयले परीक्षण भिडान गरी आन्तरिक नियन्त्रण सबल बनाएको पनि छैन ।लेखापरीक्षणका लागि भिडान गर्ने आधार प्रमाण समेत संलग्न पनि गरेको छैन ।पालिकाले आय प्राप्ति हुने क्षेत्रहरुको संझौता तथा अभिलेख अद्यावधिक गरी राख्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १७ | | | **आर्थिक सहायता**<br>**आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु ५९६०००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १८ | | | **मलेप फारम प्रयोग नभएको**<br>राजश्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका म ले प फारामहरु प्रयोग गर्नु पर्दछ ।राजश्व तर्फ म ले प फारमहरु १०१ देखि ११५ सम्म तोकिएका छन् ।जस अनुसार म ले प फा नं १०२, दैनिक राजस्व खाता १०५, राजश्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजश्वको बैंक हिसाब मिलान विवरण १०९, राजस्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फाराम ११२, राजस्व/आम्दानीको केन्द्रीय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन ।राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरुले उपरोक्त फारमहरु प्रयोग गरेको पाइएन ।तोकिएका म ले प फा नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नु पर्दछ । | |
| १९ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र खर्च प्रमाणित गर्न आवश्यक विल, भर्पाइ र कागजातसहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सात दिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकेको रकम पेश्की बाँकीको विवरण देखाएको छ । म्याद नाघेको पेश्की रकम नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. | २,५१९,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | भौ.नं. | पेश्की विवरण | पेश्की लिनेको नाम | म्याद नाघेको | म्याद ननाघेको | |
| | | | १ | २ | प्र.अ.बैठक खाजा खर्च | योजना अधिकृत धर्मानन्द कपाडी | १००००००.० | - | |
| | | | २ | १३४७ | सार्वजनिक सुनुवाई २ पटक | सहायक पाँचौ इश्वर भट्टराई | ५००००.० | - | |
| | | | ३ | १४७९ | सार्वजनिक सुनुवाई कार्यक्रम २ पटक | रामकिसुन चौधरी | ५००००.० | - | |
| | | | ४ | २७० | जानकी ५ पथरैया देखि जानकी ८ पहाडिपुर हुँदै वडा नं.९ जोड्ने सडक कालोपत्रे | आर.एस. निर्माण सेवा | ३५५००००.० | - | |
| | | | ५ | २८८ | ३ नं. वडा कार्यालय भवन निर्माण | वजरङ्ग निर्माण सेवा | ७५०००००.० | - | |
| | | | ६ | २८९ | १ नं. वडा कार्यालयन भवन निर्माण | वजरङ्ग निर्माण सेवा | ७५०००००.० | - | |
| | | | ७ | ३१२ | ९ नं. वडा कार्यालय भवन निर्माण | नवयुग कन्ष्ट्रक्सन प्रा.ली. | - | ७७०००००.० | |
| | | | ८ | ३१६ | १ नं. वडा कार्यालय भवन निर्माण | वजरङ्ग निर्माण सेवा | - | ७५०००००.० | |
| | | | ९ | ३१७ | ३ नं. वडा कार्यालय भवन निर्माण | वजरङ्ग निर्माण सेवा | - | ७५०००००.० | |
| | | | १० | ३४२ | ९ नं. वडा कार्यालय भवन निर्माण | नवयुग कन्ष्ट्रक्सन प्रा.ली. | - | ७७०००००.० | |
| | | | ११ | २३४ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | नायरा निर्माण सेवा | - | ५०००००.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>२८४</td><td>विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान</td><td>नायरा निर्माण सेवा</td><td>-</td><td>५०००००.०</td></tr>
<tr><td>१३</td><td>११</td><td>जनता नमुना मा.वि. देखि वडा नं.२ सडक कालोपत्रे</td><td>धुलिखेल निर्माण सेवा प्रा.ली.</td><td>-</td><td>१८९६४९९.०</td></tr>
<tr><td>१४</td><td>६१</td><td>घरभाडा</td><td>बसन्त डगौरा थारु</td><td>४५०००.०</td><td>-</td></tr>
<tr><td>१५</td><td>६९२</td><td>घरभाडा</td><td>कृष्ण बहादुर शाही</td><td>१९८००.०</td><td>-</td></tr>
<tr><td>१६</td><td>२२</td><td>जनप्रतिनिधि क्षमता विकास एवं अन्तरक्रिया कार्यक्रम</td><td>सन्तराम कठरिया</td><td>४०००००.०</td><td>-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२५१९८००.०</td><td>५९३६४९९.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>आन्तरिक आयको अनुमान<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर, रु.२ करोड ३ लाख ५ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.१ करोड ३ लाख ८७ हजार ९०१ अर्थात अनुमान भन्दा ४८.८४ प्रतिशत घटी आय प्राप्त गरेको छ । कार्यालयले आन्तरिक आय अनुमानको तुलनामा असुली कम देखिएकोले याथार्थपरक आय अनुमान गर्न सकेको देखिएन । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउदै कार्यालयले आम्दानीका सबै स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक छ । राजश्वमा कार्यालयको प्राप्त राजश्व र प्राप्त हुनुपर्ने राजश्व एकिन गर्न भिडान गर्ने पद्धति बनाएको छैन ।साथै लेखापरीक्षणका लागि पनि भिडान गर्ने आधार संलग्न नगरेकोले प्राप्त आम्दानी सम्बन्धमा एकिन हुन सकिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **मू अ कर दाखिला नगरेको**<br>मुल्य अभिवृद्धी कर ऐन,२०५२ तथा नियमावली २०५३ मा ठेक्का वा करारमा मू.अ. कर असुल गर्नुपर्ने व्यवस्था छ । कर्णाली नदीको तोकिएको क्षेत्रहरुबाट ढुङ्गा गिट्टी बालुवा र भरान संकलन तथा विक्रिमा कर शुल्क उठाउने सम्बन्धमा निर्माण व्यवसायी निराजन कन्स्ट्रक्सन प्रा लि सँग भएको ठेक्का सम्झौता गर्दा मू अ कर बाहेक रु७१, ००,०००।– मा सम्झौता गरेको पाइयो ।कबोल गरेको रोयल्टी रकममा लाग्ने मू. अ. कर १३ प्रतिशत ले हुने मू.अ. कर रु.९,२३,०००।– रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | ९२३,००० |
| २२ | | | **राजश्व दाखिला**<br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा २४ (३) आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले सात दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । लेखापरीक्षण योजनअनुसार ९ वटा मध्ये २ वटा वडा (वडा नं १ र २) को श्रेस्ता परीक्षण गर्दा ऐनमा तोकिएको अवधि भन्दा ढिलो राजश्व दाखिला गरेको पाइयो । देहायको वडाहरुले ढिलो दाखिला गरेकोले १० प्रतिशतले हुने जरिवाना पालिकाले असुल गरेको देखिएन । अन्य वडा र पालिकाको राजश्व शाखाको राजश्व दाखिला ढिलो हुन सक्ने सम्बन्धमा तहाँ पालिकाबाट छानविन भई प्रमाण पेश हुनपर्दछ । | |

| शीर्षक | रकम | असुली भएको महिना | दाखिला मिति |
|---|---|---|---|
| वडा नं १ | १८९७२३ | श्रावण | २०७७।११।११ |
| | ६३९४० | भाद्र | |
| | ११८७१३ | असोज | |
| | ३८४०० | कार्तिक | २०७७।११।२० |
| | १२१४२१ | मंसिर | २०७८।३।१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १३८७४० | पुष | | | |
| | | | | | १४११४८ | माघ | २०७८।३।२ | | |
| | | | | | १७१६६० | फाल्गुन | २०७८।३।१ | | |
| | | | | | १२०६७२ | चैत्र | २०७८।३।२ | | |
| | | | | | १०२८३५ | बैशाख | | | |
| | | | | | १९७७३१ | आषाढ | २०७८।५।३१ | | |
| | | | | वडा नं २ | १८७०२९ | श्रावण | २०७७।६।१३ | | |
| | | | | | २२६९०० | भदौ देखि मंसिरसम्म | २०७७।१०।२५ | | |
| | | | | | ८९८२३ | पुष | २०७७।११।१२ | | |
| | | | | | १७४३१० | माघ | २०७७।११।२८ | | |
| | | | | | २०१३५४ | फाल्गुन | २०७८।१।२ | | |
| | | | | | २५०३०८ | चैत्र देखि बैशाखसम्म | २०७८।३।२ | | |
| २३ | | | **कर्मचारी आवास खर्च**<br>पालिकाले कर्मचारी आवास खर्च वापत कर्मचारी क्वाटरमा खाद्यन्न, दुग्ध जन्य सामाग्री, लगाएत सामाग्री खरिद गरेको भनि रु.४३७९९८।– भुक्तानी गरेको छ । कर्मचारीलाई खाद्यन्न सुविधा उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था नभएकोमा आवासको लागि रकम भुक्तानी गर्ने आधार देखिदैन । अत कर्मचारी आवास खर्च बापत रकम भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु. | | | | | | ४३७,९९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८२ (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालय द्वारा जारी गरिएको कार्यसंचालन निर्देशिका २०७५ को परिच्छेद ७ को वुँदा नं.७.४.१ बमोजिम अतिरिक्त समय र विदाको दिन कार्य गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई प्रोत्साहन भत्ता दिन सकिने र त्यसको लागि विद्युतिय हाजिरि अनिवार्य हुनुपर्ने लिनुपर्ने व्यवस्था छ । गाउँपालिका कानुन निर्माण नगरी तथा तोकीएको मापदण्ड पुरा नगरी यस वर्ष स्थायी तथा करार कर्मचारीलाई प्रोत्साहन भत्ता वापत मासिक पारिश्रमिकको १० प्रतिशतका दरले बार्षिक रु.११०२०२०.० भुक्तानी गरेको रकम नियमसम्मत मान्न नसकिएको रु. | १,१०२,०२० |
| २५ | १८८ | २०७७-८-८ | **सुचना प्रकाशनमा कम छुट दिएको**<br>आगन मिडिया प्रा.ली.ले पदपुर्ति सुचना नागरिक दैनिक पत्रिकामा प्रकाशन गरेबापत १५ प्रतिशत छुट लिएकोमा सोही पत्रिकाबाट अर्को सुचना प्रकाशन गर्दा चुरे मिडिया प्रा.ली. मार्फत रु.११२०००.० भुक्तानी भएकोमा १५ प्रतिशतले रु.१६८००.० छुट पाउनुपर्नेमा रु.११२००.० मात्र छुट दिएकोले नपुग छुट बापतको रकम चुरे मिडिया प्रा.ली.बाट असुल गरि दाखिला गर्नुपर्ने रु. | ५,६०० |
| २६ | १९ | २०७८-३-१३ | **लेखनवृत्ती वापतको रकम भुक्तानी**<br>पालिकाले आफ्नो पालिका भित्र सञ्चालन गर्ने तालिमको खर्च सम्बन्धि मापदण्ड निर्धारण नगरेको अवस्थामा तालिम लगाएतका क्रियाकलाप सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी गरीएको कार्यक्रम सञ्चालन निर्देशिकाको वुँदा नं.७.१.१५ अनुसारको मापदण्डको परिधिभित्र रहि खर्च गर्नुपर्दछ । तर पालिकाले महिला पत्रकारलाई तालिम तथा लेखनवृत्ती कार्यक्रमम सहभागिलाई खाजा, खाना यातायात खर्च लगाए समग्र तालिम खर्चको रुपमा रु.१२००००.० खर्च लेखिसकेको अवस्थामा पुन ८ जनालाई लेखनवृत्ती वापत प्रतिव्यक्ति रु.१००००.० का दरले रु.८००००.० भुक्तानी दिएको छ । यसरी समग्र तालिम कार्यक्रमको खर्च छुट्टै भैसकेको अवस्थामा पुन लेखनवृत्ती वापतको रकम भुक्तानी भएको सम्बन्धमा पालिकाले तालिम पश्चात लेख लेखेर पत्रिकामा सम्पादकिए प्रकाशन गरे बापतको पारिश्रमिक भुक्तानी गरेको भन्ने प्रतिक्रिया दिएको छ । यसरी लेखनवृत्तीको रकम भुक्तानी दिन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | ८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | १०८३ | २०७८-३-३ | **कम करकट्टी**<br>आयकर ऐन, २०५८ को दफा ८८ (१) मा सेवा शुल्क वापतको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले करकट्टी गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले युवाहरुलाई कम्प्युटर तालिम कार्यक्रमको लागि ८० जना युवालाई ३ महिनाको लागि प्रतिव्यक्ति रु.२५००.० का दरले पब्लिक कम्प्युटर प्रशिक्षण केन्द्रसँग सम्झौता गरि रु.२०००००.० भुक्तानी गरेकोमा ऐनको व्यवस्था अनुसार १५ प्रतिशत करकट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र करकट्टी गरेको घटी कर वापतको रकम रु.२७०००.० सम्बन्धित संस्थाबाट असुल गरि दाखिला गर्नुपर्ने रु. | २७,००० |
| २८ | ७२० | २०७७-१२-२ | **चलचित्र निर्माणमा रकम भुक्तानी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वजेटमा नै व्यवस्था गरि थारु भाषाको चलचित्र विरा निर्माणको लागि हमार म्यूजिक वगिया प्रा.ली.लाई रु.१५००००.० भुक्तानी गरेको छ । यसरी नाफा मुलक कम्पनीलाई चलचित्र निर्माणको लागि बजेटमा नै व्यवस्था गरि रकम भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु. | १५०,००० |
| २९ | | | **अनुगमन भत्ता**<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (क) मा स्थानीय तहका पदाधिकारीको सेवा सुविधा निर्धारण गरेको छ । पालिकाले ऐनमा व्यवस्था भएको भन्दा वढी देहायबमोजिमका पदाधिकारीलाई भ्रमण आदेश भ्रमण विल संलग्न नगरी विभिन्न कार्यक्रम तथा योजना अनुगमन वापत नियमित कामकाजको सिलसिलामा गरेको तालिम तथा योजना अनुगमन गरेको भनि अनुगमन भत्ता वापत रकम भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु. | ४३८,८०० |

| भौ.नं. र मिति | कार्यक्रम | अनुगमन कर्ता | रकम | कैफियत |
|---|---|---|---|---|
| ८७४-१।६ | पशु कृषकलाई पशुपालन तालिम | पदाधिकारी सहित १० जना | १००००.० | गा.पा. चालु |
| ९६७-२।१६ | धानको विउ वितरण कार्यक्रम | पदाधिकारी सहित ८ जना | ८०००.० | गा.पा. चालु |
| १०८३-३।३ | युवालाई कम्प्युटर तालिम | पदाधिकारी सहित ५ जना | ५०००.० | गा.पा. चालु |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १०९७-३।७ | कृषकलाई कृषि तालिम तथा उन्नत विउविजन वितरण तालिम | पदाधिकारी सहित | ७०००.० | गा.पा. चालु | |
| | | | १३०२-३। २४ | योजना अनुगमन भत्ता | योजना अनुगमन समिति | ११४०००.० | गा.पा. चालु | |
| | | | १६-३।४ | सामुदायिक संस्थागत विद्यालय अनुगमन कर्मचारी | ८ जना | ७१०००.० | गा.पा. शिक्षा | |
| | | | १७-३।४ | विभिन्न परिक्षा अनुगमन | पदाधिकारी सहित १३ जना | ७३०००.० | गा.पा. शिक्षा | |
| | | | १८-३।८ | कक्षा अवलोकन (कर्मचारी) | ६ जना | ६५०००. | गा.पा. शिक्षा | |
| | | | १३-९।१५ | सुत्केरीलाई उपाध्यक्षको कोसेली वितरण कार्यक्रम | पदाधिकारी सहित ५ जना ४ दिन | २००००.० | गा.पा. स्वस्थ्य | |
| | | | ३०-११।१२ | परिवार नियोजन सेटलाइट क्लिनिक कार्यक्रम | पदाधिकारी सहित ४ जना २ दिन | ८०००.० | गा.पा. स्वास्थ्य | |
| | | | ४३-११।८ | ग्रामिण अल्ट्रासाउण्ड शिविर संचालन कार्यक्रम | पदाधिकारी सहित ४ जना २ दिन | ८०००.० | गा.पा. स्वास्थ्य | |
| | | | ५४-३।३० | पशु स्वास्थ्य शिविर | पदाधिकारी सहित कर्मचारी | ३६२००.० | पशु सेवा | |
| | | | ३४-२।३० | सहकारिता विकास एवं प्रवर्द्धन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | पदाधिकारी सहित ४ जना | १३६००.० | सामाजिक विकास | |
| | | | जम्मा | | | ४३८८००.० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **मोबाइल तथा साइकल वितरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिम मोबाइल तथा साइकल वितरणको कार्यक्रम राखि मोबाइल र साइकल खरिद गरि वितरण गरेको छ । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्ध के हुने जस्ता विषय अनुमान नगरि सोझै सामाग्रि खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| भौ.नं. र मिति | कार्यक्रम | वितरण सामाग्री | भुक्तानी रकम |
|---|---|---|---|
| २३३-८।१६ | स्वयं सेविकालाई प्रोत्साहन कार्यक्रम | १६ थान मोवाइल वितरण | २७४८१६.० |
| ३७१-९।२१ | बड्घरलाई मोबाइल वितरण | ७ थान मोबाइल वितरण | ६९६०८.० |
| ६३०-११।१४ | वडा नं. ८ का वड्घर, गुरुवा, चिराकीहरुलाई साइकल वितरण | ३५ थान मोबाइल वितरण | २५४१०८.० |
| जम्मा | | | ५९८५३२.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **तालिम कार्यक्रम**<br>कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको लाभ लागत, त्यसबाट प्राप्त हुने उपलब्धि सम्मको विश्लेषण गरी खर्च गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा युवा युवतिलाई ड्राइभिङ्ग तालिम १३० जना, बेत वाँस तालिम-२० जना, महिलालाई चुरा वनाइ तालिम -१० जना, डल बनाउने तालिम–१० जना, पशुपालन तालिम-३० जना, सिलाइकटाइ तालिम-४० जना, अन्य विभिन्न तालिम-१५जना गरि जम्मा ३९० जनालाई कम्तिमा १ हप्ता देखि ३ महिनासम्मको तालिम प्रदान गरी रु.४५४९३४४.० खर्च लेखेको छ । तालिम प्रदान गरियका युवाहरुको विवरण अभिलेखवद्ध गरेको पाइएन । जसवाट तालिम प्राप्त युवा मध्ये के कति युवाले प्राप्त तालिमको उपलब्धि स्वरुप व्यावसायिक क्रियाकलाप सञ्चालन गरेको विवरण पालिका रहेको देखिदैन । वर्षेनी युवालाई तालिमको प्रदान गर्ने तर युवाहरु व्यावसायकि नहुँदा युवाहरुमा उद्यमशिलता सिर्जना नहुने साथै पालिकाले पनि दोहोर्‍याएर पुन तालिममा खर्च गर्न सक्ने देखिन्छ । तसर्थ पालिकाबाट प्रदान गरिने तालिमलाई युवाहरुको व्यावसायिक क्षमता विकास र उद्यमशिलता विकासका कार्यमा जोड्ने तथा तालिम प्राप्त व्यक्तिको अभिलेखिकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | १०९१ | | **खरको छाना भएका विपन्न परिवारलाई जस्तापाता कर्कट पाता वितरण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । वातावरणिय संरक्षण नेपाल मार्फत ९ पाता जस्ता र अन्य सामाग्री गरि ३ जनालाई वितरण गरेको विल भर्पाइको आधारमा रु.१००००००.० खर्च लेखेकोमा विपन्न परिवार पहिचान केकसरी भयो, पहिचानका आधार के हुने तथा संघीय सरकारबाट पनि जनता आवास कार्यक्रम सञ्चालन भएकोमा उक्त कार्यक्रम अन्तर्गत दोहोरो परे नपरेको एकिन नै नगरी सोझै रकम भुक्तानी भएको छ । उक्त जस्तापाता जडान गरि घर निर्माण गरे नगरेको विवरण पालिकासँग छैन । अत यसरी विवरण गर्ने भन्दा बास्तविक आवश्यकता पहिचान गरि कार्यक्रम तयार गर्ने तथा खर्च रकम वास्तविक रुपमा तोकीएकै कार्यमा खर्च भएको सुनिश्चित गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३३ | | | **बैठक भत्ता**<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (क) मा स्थानीय तहका पदाधिकारीले कार्यपालिका र गाउँसभा वैठकमा मात्र वैठक भत्ता पाउने उल्लेख छ । त्यस्तै कार्य सञ्चालन निर्देशिकाको वुँदा नं.७.१.१ मा कार्यालय समयभन्दा फरक पारि वैठक वस्नुपर्ने, एकै निकाका पदाधिकारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने, आमन्त्रित सदस्य नराख्ने तर विशेषज्ञ सेवा आवश्यक परेमा वढिमा ३ जना सम्म मात्र आमन्त्रित सदस्य राख्न पाउने व्यवस्था छ । तर पालिकाले ऐन तथा निर्देशकाले गरेको व्यवस्था विपरित देहायबमोजिम बैठकभत्ता वापत रु.६४३०००.० भुक्तानी गरेको रकम नियमसम्मत मान्न नसकिएको रु. | ६४३,००० |

| भौ.नं. र मिति | समिति | सहभागी संख्या | रकम |
| --- | --- | --- | --- |
| ११७०-३।१५ | योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी बैठक भत्ता | २३ जना | २२९०००.० |
| १३१३-३।२६ | सामाजिक समिति | २३ जना | ७६०००.० |
| १३७५-३।२८ | विपन्न नागरिक उपचार सिफारिस समिति | ३ | ७२०००.० |
| ३२-३।३० | शिक्षा समिति | १६ | ५६०००.० |
| २२-३।१८ | अपाङ्गता समन्वय समिति | ३१ जना | १५३०००.० |
| ६२३-११।१३ | विपन्न नागरिक उपचार सिफारिस समिति | ४ जना | ५७०००.० |
| जम्मा | | | ६४३०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **छाडा चौपाया तथा कान्जी हाउस व्यवस्थापन कार्यक्रम**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा पराल खरिद, कामदार ज्याला, औषधि लगाएतक लागि रु.४९८२२१.० खर्च गरेको छ । यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा खर्च भएको देखिन्छ । पालिका अन्तर्गत सञ्चालित काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा उक्त काञ्जि हाउसबाट संकलित पशु मल, दुधजन्य सामाग्री विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| ३५ | | | **जे.सि.वि. र ट्रिपर मर्मत खर्च**<br>पालिकाले यस आर्थिक वर्षमा JCB र ट्रिपरको लागि मर्मत कार्यमा (सवारी चालक र इन्धन बाहेक) मात्र रु.८७६४१३.० खर्च लेखेको छ । तर पालिकामा जेसिवि र ट्रिपरबाट कुनै आम्दानी भएको राजस्व दाखिला भएको देखिदैन । साथै पालिकाले उपभोक्ता मार्फत तथा अमानतमा गरेको काममा पनि कार्यालयको मेसिन प्रयोग भएको छैन । यसरी पालिकाले निर्माण कार्यको लागि भाडामा सवारी लिइ कार्य गर्नुपर्ने तर पालिकामा उपलब्ध सवारी साधन प्रयोग नहुने देखिन्छ । त्यस्तै सवारी साधनबाट राजस्व आम्दानी नदेखिने तर मर्मतको लागि वार्षिक लाखौँ खर्च हुने गरेको देखिन्छ । अत पालिकाले यस्ता सवारी साधन सञ्चालन गर्न सक्ने हो वा होइन त्यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३६ | | | **निशुल्क रक्त सञ्चार सेवा कार्यक्रम**<br>गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी, टिकापुर विच भएको सम्झौता अनुसार पालिका भित्रका सवै नागरिकलाई सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको सिफारिसका आधारमा प्रति व्यक्ति वढिमा ३ पिन्ट व्लड उपलब्ध गराउने र पालिकाले व्लड वापत प्रति पिन्ट रु.८५०.० उपलब्ध गराउने उल्लेख छ । सोहि अनुसार यस आर्थिक वर्षमा ३२९ पिन्ट व्लड उपलब्ध गराएको भनि माग गरेको आधारमा पालिकाले रु.२७९६५०.० रकम उपलब्ध गराएको छ । यस सम्बन्धमा पालिकाले सवै विरामीले व्लड वुझेको कागजात पोको पारी राखेको छ तर क/कसले, के/कति मात्रामा सेवा सुविधा लिए त्यसको एकमुष्ट विवरण पालिकासँग छैन र रेडक्रस सोसाइटी, टीकापुरले पनि सेवाग्राहीको सवै कागजात पालिका पठाइएको कार्यालयमा कुनै पनि विवरण नभएको प्रतिक्रिया दिएको छ । अत कार्यक्रम सञ्चालन र त्यसबाट प्राप्त प्रतिफल सहितको प्रतिवेदन र लाभान्वीत सेवाग्राहीको नामनामेसी खुल्ने गरि विवरण तथा कागजात तयार गरि राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **TRACE नेपाललाई भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले उद्यमशिलता र रोजागारिका लागि तालिम तथा परामर्श केन्द्र (TRACE) लाई विभिन्न मितिमा रु.१७७७०६६.० भुक्तानी भएको छ । लेखापरिक्षणको क्रममा प्राप्त विवरण अनुसार उक्त संस्थासंग विगत आर्थिक वर्षमा कार्यक्रम सञ्चालनको लागि भएको सम्झौतालाई यस वर्षमा पनि निरन्तरता दिने र सशर्त वजेटमा संस्थाको लागि प्राप्त बजेट उपलब्ध गराउने सम्झौता गरेको छ । हरेक आर्थिक वर्षमा विनियोजित बजेटमा स्पष्ट रुपमा कार्ययोजना तयार गरि सोही अनुसार सम्झौता गरी रकम खर्च गर्नुपर्दछ । | |
| ३८ | | | **एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानी**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीको प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । लेखापरीक्षण क्रममा वार्षिक लेखापरीक्षण योजनाअनुसार यस पालिकाको २ वटा वडा (वडा नं.८ र ९) को सामाजिक सुरक्षा भत्ता वितरण विवरण परीक्षण गरेकोमा हाते वितरण र बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा र बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार गाउँपालिकामा विभिन्न चौमासिकमा एउटै नागरिकता नम्बरबाट फरक फरक नाम भएका निम्न व्यक्तिलाई भत्ता भुक्तानी भएको छ । अन्य वडा कार्यालयहरुमा समेत दोहोरो नागरिकताका आधारमा वितरण भएको हुन सक्ने सम्बन्धमा देखिएकोले छानबिन गर्दै वास्तविक व्यक्ति पहिचान गरी एउटै व्यक्तिलाई भुक्तानी भएको भए रु.२४०००। असुल हुनुपर्ने अन्यथा प्रमाण पेश हुनुपर्ने रु | २४,००० |

| **नाम थर** | **वडा नं.** | **ना.प्र.नं.** | **भत्ताको किसिम** | **दर** | **भत्ता रकम** | **चौमासिक** |
|---|---|---|---|---|---|---|
| ठगनी चौधरी | ८ | ८३४ | जेष्ठ नागरिक | १२००० | १२००० | तेश्रो |
| पवित्रा देवि कठायत | ८ | ८३४ | जेष्ठ नागरिक | १२००० | १२००० | तेश्रो |
| लाल बहादुर थारु | ८ | २९९७३७६६ | जेष्ठ नागरिक | १२००० | १२००० | तेश्रो |
| खड्ग थारु | ८ | २९९७३७६६ | जेष्ठ नागरिक | १२००० | १२००० | तेश्रो |
| जम्मा | | | | | २४००० | |

| क्रमं | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | पेन्सनरलाई भत्ता भुक्तानी | २४६,४०० |

**पेन्सनरलाई भत्ता भुक्तानी**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले पालिकाको लग इन आइडमा स्थानीय तहले लगत कट्टा गर्नुपर्ने १०५ जना पेन्सनरहरुको नाम राखिएकोमा पालिकाले ति व्यक्तिहरुलाई विभिन्न चौमासिकको भत्ता भुक्तानी गरेको देखियो । ७ नं वडा बाहेक अन्य वडाको विभागले राखेको पेन्सनरहरु वास्तविकमा अन्य कुनै किसिमको सरकारी सुवधि नलिएको भनि वडा समितिको निर्णय पेश गरेको छ । वडाको निर्णयलाई पालिकाबाट अनुमोदन भई मात्र भत्ता भुक्तानी हुनुपर्दछ । वडा नं ७ को ९ व्यक्ति वास्तविकमा पेन्सनर होइन भने प्रमाण पेश गर्नुपर्ने अन्यथा पेन्सनर भएर पनि भत्ता भुक्तानी भएमा पेन्सनरबाट रु२४६४००। असुल हुनुपर्ने रु

| नाम | ना प्र नं | भत्ताको प्रकार | दर | जम्मा रकम | चौमासिक |
|---|---|---|---|---|---|
| काली प्रसाद चौधरी | ३७३११६४ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | ३६००० | तिनटै |
| राम प्रसाद थारु | ६७-०२-७६-०७४०४ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | ३६००० | तिनटै |
| चिल्ली देवी थरुनी | १०२३।६२० | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | ३६००० | तिनटै |
| धन विश्कर्मा | ६७२०४०।८८ | विधवा | ८००० | २४००० | तिनटै |
| सुकुरा मिया | ११२१।११० | विधवा | ८००० | २४००० | तिनटै |
| सनिराम थारु | | अति अशक्त अपाङ्गता भत्ता | १६०० | १९२०० | तिनटै |
| मोहन बहादुर भुल | ५८०।१९९३१ | अति अशक्त अपाङ्गता भत्ता | १६०० | १९२०० | तिनटै |
| विश्राम कु० थारु | ७८५ कैलाली | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | ३६००० | तिनटै |
| संगित श्रेष्ठ | ३५८९५ | विधवा | ८००० | १६००० | दोश्रो र तेश्रो |
| जम्मा | | | | २४६४०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **एम आई एसमा इन्ट्री भएको लाभग्राही भन्दा बढीलाई भता भुक्तानी**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ५ बमोजिम आगामी आ. व. मा भत्ता पाउने प्रयोजनको लागि एम. आई. एस. प्रणालीमा इन्ट्री गर्ने अन्तिम मिति जेष्ठ नागरिकको हकमा चालु आ. व. को माघ १५ गते सम्म अन्य लाभग्राहीको हकमा निवदेन प्राप्त भएकै चौमासिकमा एम. आई. एस. प्रणालीमा इन्ट्री गर्नुपर्ने एवं जेष्ठ नागरिकको हकमा माघ मसान्तभित्र र अन्य लाभग्राहिहरुको हकमा निवेदन प्राप्त भएकै चौमासिकमा नाम दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको देहायको वडा नं को वितरण भरपाई परीक्षण गर्दा एम आई एस नाम भन्दा बढी व्यक्तिलाई भत्ता वितरण गरेको देखियो । एम. आई. एस. मा नाम नभएका व्यक्तिलाई भुक्तानी भएको भत्ता रु.१७९२००। असुल हुनुपर्ने अन्य वडा कार्यालयहरुमा समेत एम.आई.एस. मा इन्ट्री भन्दा बढिलाई भत्ता भुक्तानी हुन सक्ने सम्बन्धमा छानबिन गर्दै यकिन हुनुपर्ने रु | १७९,२०० |

| वडा नं | भत्ताको प्रकार | एम. आई. एस. मा भएको संख्या | वितरण भरपाई | बढी | दर | रकम | चौमासिक |
|---|---|---|---|---|---|---|---|
| ८ | जेष्ठ नागरिक | २९४ | २९७ | ३ | १२००० | ३६००० | प्रथम |
| ८ | विधवा | १२६ | १२७ | १ | ८००० | ८००० | प्रथम |
| ८ | जेष्ठ नागरिक | २९९ | ३०१ | २ | १२००० | २४००० | दोश्रो |
| ८ | विधवा | १३० | १३१ | १ | ८००० | ८००० | दोश्रो |
| ९ | जेष्ठ नागरिक | ३७२ | ३७९ | ७ | १२००० | ८४००० | प्रथम |
| ९ | बालबालिका | २८५ | २८७ | २ | १६०० | ३२०० | प्रथम |
| ९ | जेष्ठ नागरिक एकलम महिला | ११४ | ११५ | १ | ८००० | ८००० | प्रथम |
| ९ | विधवा | १७८ | १७९ | १ | ८००० | ८००० | दोश्रो |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | १७९२०० | | | |
| ४१ | | | **दोहोरो भुक्तानी**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीको प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । लेखापरीक्षण क्रममा वार्षिक लेखापरीक्षण योजनाअनुसार यस पालिकाको २ वटा वडा (वडा नं.८ र ९) को सामाजिक सुरक्षा भत्ता वितरण विवरण परीक्षण गरेकोमा हाते वितरण र बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा र बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार गाउँपालिकामा विभिन्न चौमासिकमा एउटै नागरिकता नम्बरबाट फरक फरक नाम भएका निम्न व्यक्तिलाई भत्ता भुक्तानी भएकोले रु.९६०००। असुल हुनुपर्दछ । अन्य वडा कार्यालयहरुमा समेत दोहोरो नागरिकताका आधारमा वितरण भएको हुन सक्ने देखिएकोले छानबिन गर्दै वास्तविक व्यक्ति पहिचान गरी एउटै व्यक्तिलाई भुक्तानी भएको भए असुल हुनुपर्ने रु | | | | | | ९६,००० |

| **नाम थर** | **वडा नं.** | **ना.प्र.नं.** | **भत्ताको किसिम** | **दर** | **भत्ता रकम** | **चौमासिक** |
|---|---|---|---|---|---|---|
| विष्णु बहादुर शाही | ९ | ५।४६०३।१५७७ | जेष्ठ नागरिक | १२००० | ३६००० | प्रथम दोश्रो तेश्रो |
| विष्णु बहादुर शाही | ९ | ५।४६०३।१५७७ | जेष्ठ नागरिक | १२००० | ३६००० | प्रथम दोश्रो तेश्रो |
| श्रीमती सारु कामी | ९ | १।१।४२ | जेष्ठ नागरिक भत्ता दलित | ८००० | २४००० | प्रथम दोश्रो तेश्रो |
| सारु कामी | ९ | १।१।४२ | जेष्ठ नागरिक भत्ता दलित | ८००० | २४००० | प्रथम दोश्रो तेश्रो |
| रत्ना कमेनी | ९ | ५४६८ | जेष्ठ नागरिक भत्ता दलित | ८००० | १६००० | प्रथम दोश्रो |
| रत्ना ढोली | ९ | ५४६८ | जेष्ठ नागरिक भत्ता दलित | ८००० | १६००० | प्रथम दोश्रो |
| नरी देवि विश्वकर्मा | ९ | १३७४ | विधवा | ८००० | १६००० | दोश्रो तेश्रो |
| निरा देवी विश्वकर्मा | ९ | १३७४ | विधवा | ८००० | १६००० | दोश्रो तेश्रो |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>निरा देवी विश्वकर्मा</td><td>९</td><td>१३७४</td><td>विधवा</td><td>८०००</td><td>४०००</td><td>तेश्रो</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१६०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>एम आई एसमा नभएकालाई (हातले लेखेर) भत्ता वितरण<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ५ बमोजिम आगामी आ. व. मा भत्ता पाउने प्रयोजनको लागि एम. आई. एस. प्रणालीमा इन्ट्री गर्ने अन्तिम मिति जेष्ठ नागरिकको हकमा चालु आ. व. को माघ १५ गते सम्म अन्य लाभग्राहीको हकमा निवदेन प्राप्त भएकै चौमासिकमा एम. आई. एस. प्रणालीमा इन्ट्री गर्नुपर्ने एवं जेष्ठ नागरिकको हकमा माघ मसान्तभित्र र अन्य लाभग्राहिहरुको हकमा निवेदन प्राप्त भएकै चौमासिकमा नाम दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको वडा नं ९ को प्रथम चौमासिकको जेष्ठ नागरिक भत्ता वापत रंगी विश्वकर्मालाई रु१२०००। वितरण गरेको पाइयो ।उक्त व्यक्तिको नाम कम्प्युटरमा एम. आई. एस. प्रणालीमा इन्ट्री नभएको र परिचय पत्र नम्बर पनि नरहेको भत्ता भुक्तानी भएको रकम असुल हुनुपर्ने रु</td><td>१२,०००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>दोहोरो सरकारी सुविधा<br>दोहोरो सरकारी सुविधाः सामाजकि सुरक्षा ऐन २०७५ को दफा १५ बमोजिम कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुवधा पाइरहेको व्यक्ति सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ । पालिकाको आ व २०७७।०७८ को पुरै चौमासिक सामाजिक सुरक्षाको भत्ता परीक्षण गर्दा पालिकामा देहायको व्यक्ति जनप्रतिनिधि रहेको छ । जनप्रतिनिधिलाई सामाजिक सुरक्षा भत्ता पनि भुक्तानी गरेको पाइयो ।ऐन विपरीत दोहोरो सुविधा भुक्तानी भएकोले सम्बन्धितबाट रु२४०००। असुल हुनुपर्ने गत विगतमा पनि भुक्तानी सम्बनधमा यकिन गरी गरी भुक्तानी भएको भए असुल हुनुपर्ने अन्याथ प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>नाम</th><th>विवरण</th><th>ना प्र नं</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>सरस्वती भुल</td><td>वडा सदस्य जानकी गाउँपालिका</td><td>६७२०४१।२३९२</td><td>८०००</td><td>२४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२४०००</td></tr>
</table>
</td><td>२४,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (क) **तोकिएको समयभित्र भत्ता वितरण नगरेको:**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६(क) बमोजिम स्थानीय तहले प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले कार्यविधिले तोकेको मितिमा पेश्की लिएको तथा समयमा नै वितरण गरी फछ्र्यौट गरेको देखिएन । | |

| प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | |
|---|---|---|---|---|---|
| पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति | पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति | पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति |
| २०७७।८।८ | २०७७।१२।२० | २०७७।१२।२२ | २०७८।३।१७ | २०७८।३।१७ | २०७८।१०।६ |

(ख) Dormat खाताको विवरणः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । श्रेस्ता परीक्षण गरिएको भत्ता वितरण गरेको बङगलादेश बैंक टिकापुर र सिभिल बैंक लम्कीले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormat खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले उक्त बैंकसँग Dormat खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

(ग) **लाभग्राहीको नाम दर्ता र नविकरणः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दफा ५ को खण्ड क जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक वर्षको लागि यस आ.व.मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एंव दफा ६ को उपदफा (१) को खण्ड क मा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व. मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि पुस मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था छ । गाँउपालिकाको २ वटा वडा नं (८ र ९) को स्रेस्ता परीक्षण गर्दा अधिकांश लाभग्राहीहरुले समयावधिभित्र नाम दर्ता तथा नविकरण गराएको पाईएन् ।

(ग) मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा कट्टा गरेको देखिएन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाइका साथ लागु गर्नु पर्दछ ।<br>(घ) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ । गाउँपालिकाले वडा नं १,२,३,४,६,७,८,९ ले पहिलो र दोश्रो चौमासिकको रकम बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना नै हातहातै नगद वितरण गरेको पाईयो ।<br><br>(ङ) नागरिकता नम्बर उल्लेख नगरी भुक्तानीः- गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता वितरणमा व्यक्तिलाई नागरिकता नम्बर उल्लेख नगरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ ।तपसिलको व्यक्तिलाई नागरिकता नम्बर उल्लेख नगरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन ।नमुना छनौटको रुपमा परीक्षण गरिएको वडामा यस्तो प्रकृति देखिएकोमा केही उदाहरण निम्न छ ।बाँकी वडाको हकमा तहाँ कार्यालयबाट छानविन गरी वास्तविक लाभग्राही पहिचान गरी भत्ता भुक्तानी हुनुपर्दछ । | |

| क्र.सं. | भुक्तानी पाउने | वडा नं. | उमेर | भत्ताको प्रकार | चौमासिक | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| 1 | कठरिया थारु | ८ | ३७ | ख वर्ग अपाङ्गग | प्रथम दोश्रो | ६४०० |
| 2 | विजय चौधरी | ८ | २४ | ख वर्ग अपाङ्गग | प्रथम दोश्रो | ६४०० |
| ३ | महंगी चौधरी | ८ | २१ | ख वर्ग अपाङ्गग | दोश्रो | ६४०० |
| ४ | राधा कुमारी चौधरी | ८ | २७ | ख वर्ग अपाङ्गग | दोश्रो | ६४०० |
| ५ | शारदा कुमारी साउद | ९ | २२ | ख वर्ग अपाङ्गग | प्रथम | ६४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **मृत्यु पश्चातको समेत भत्ता वितरण**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ बमोजिम दफा १६(ख) बमोजिम भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था छ । लेखापरीक्षण योजनानुसार नगरपालिकाको २ वटा (वडा नं.८ र ९) श्रेस्ता परीक्षणमा वडाको सामाजिक | २४५,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुरक्षा भत्ता वितरणमा लाभग्राहीको मृत्यु पश्चात पाउनु पर्ने अवधिको रकम भन्दा देहायको व्यक्तिलाई बढि रकम गएको देखिन्छ ।कार्यविधि विपरीत बढी भुक्तानी भएको रकम रु.२४५४००। वडाले पुरै सिफारिस गरेको भए सम्बन्धितबाट, बैकमा भए बैकबाट वा बैंकबाट मृत्यु भएको व्यक्तिको बाँकी रकम फिर्ता भएको भए प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | |

| वडा नं | लाभग्राहीको नाम | ना प्र नं | भत्ताको प्रकार | मृत्यु भएको मिति | दर | पाउनु पर्ने रकम | भुक्तानी रकम | बढि रकम | चौमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | नन्दे कामी | २९९७५५६४ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २०७५।९।२८ | १२००० | ० | ३६००० | ३६००० | तिनटै |
| ९ | नवलसिंहकामी | ५।५७३८।२४५४ | | २०७४।११।२७ | १२००० | ० | ३६००० | ३६००० | तिनटै |
| ९ | कलसी कामी ताम्राकार | ६७२०३७।३६६ | | २०७४।१२।३० | १२००० | ० | ३६००० | ३६००० | तिनटै |
| ९ | लोगे सुनार | ५८३१ | | २०७५।८।८ | १२००० | ० | ३६००० | ३६००० | तिनटै |
| ९ | विष्णादेवीरावल | १७६२७ | | २०७६।३।६ | १२००० | ० | ३६००० | ३६००० | तिनटै |
| ९ | सोनीयादेवीकठरिया | ६७२०४४।१३९२८ | | २०७५।३।२९ | १२००० | ० | ३६००० | ३६००० | तिनटै |
| ९ | लालबहादुरकडारा | | जेष्ठ नागरिक दलित | २०७६। | ८००० | ० | २४००० | २४००० | तिनटै |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५।५३४२।<br>१८८२ | | १०।५ | | | | | |
| ९ | बुद्धी सार्की | १०१६ | जे ना ए दलित | २०७७।७।<br>६ | ८००० | ६६०० | ८००० | २४०० | प्रथम |
| | | जम्मा | | | | | | २४५४०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **अनुदान** | |
| ४६.१ | | | **प्रगती अभिलेख नभएको** :बिउबिजन आपुर्ति तथा ब्यवस्थापन निर्देशिका २०७७ बमोजिम उन्नत बिउ खरिदमा बढीमा ५०प्रतिशत अनुदान उपलब्ध गराइने र उक्त रकम कृषकले खरिद गरेको बिउको बिलको आधारमा उपलब्ध गराईने अनुदान वापतको रकम सोझै कृर्षकको बैक खातामा फिर्ता गर्ने ब्यवस्था गर्नु पर्ने उल्लेख छ । यस गाउपालिका कार्यालयले गाउपालिका भित्रका किसानलाई उपलब्ध गराउने उन्नत बिउ अनुदान कार्यक्रम ७५ प्रतिशतका दरले र अन्य कृर्षि समान ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने निर्णय गाउपालिकाले गरी निम्न किसिमका बिउ र कृर्षि समान किसानलाई खरिद गरी बितरण गरेको देखिन्छ ।यसरी गाउपालिकाले खरिद गरी बितरण गरेको बिउ र समान किसानले प्रयोग गरे नगरेको र त्यसबाट किसानको उत्पादन कार्यक्रममा के कस्तो सकरात्मक प्रभाव परयो र आगामी दिनमा के कस्तो सुधार गर्नु पर्ने हो सो सम्बन्धमा गाउपालिकाले अनुगमन गरी सो को प्रतिबेदन अभिलेख राखेको देखिएन ।अत गाउपालिकाबाट बितरण गरिने अनुदान रकम किसानले पेश गरेको बिलको आधारमा किसानको खातामा पठाउनुको साथै प्रगति प्रतिबेदन र किसानको अभिलेखिकरण गर्नु तर्फ ध्यान दिनु पर्दछ । | |

| भौचर .न | बिउको नाम | बितरण संख्या | रकम | न.पा. पुजिगतबाट |
|---|---|---|---|---|
| २८४।२०७८।२।१७ | धानको बिउ | १२४ | ४८८९९५ | ७५ प्रतिशत |
| २८५।२०७८।२।१७ | धानको बिउ वडा न. ५ | १६८ | ३८३७७० | |
| १९१।२०७७।१२।६ | मकैको बिउ | ४३ | ३५०१८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १९३।२०७७।१२।६ | मकैको बिउ | ५७ | ३१७२२९ | | |
| | | | १९७।२०७७।१२।६ | आलुको बिउ | | ४९६९९० | | |
| | | | मोटर बितरण कार्यक्रम | | | | | |
| | | | २८६।२०७८।२।२३ | मोटर बितरण | २६ | २६०००० | | |
| | | | ४८७।२०७८।३।२७ | मोटर बितरण | १२ | २७९६६० | | |
| | | | पावर टेलर बितरण | | | | | |
| | | | २५८।२०७८।१।१७ | पावर टेलर वडा न.५ | ५ | ५००००० | | |
| | | | बोरिङ बितरण | | | | | |
| | | | ३१८।२०७७।३।४ | बोरिङ बितरण वडा न.९ | ६ | ३९८९७९ | | |
| | | | ३२१।२०७८।३।७ | बोरिङ बितरण वडा न. ८ | ८ | ३९८५४४ | | |
| | | | ४०२।२०७८।३।१८ | बोरिङ बितरण वडा न. ४ | १ | २९०१६४ | मनकामनाउ.स. | |
| | | | ४०३।२०७८।३।१८ | बोरिङ बितरण वडा न. ४ | ८ | ४८७०७२ | मनकामनाउ.स. | |
| | | | ४६३।२०७८।३।२५ | बोरिङ बितरण वडा न. | | २१६६५७ | | |
| | | | ६६६।२०७८।३।२९ | बोरिङ बितरण वडा न. | १२ | १३९५३२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | माथि उल्लेखित वडा गत बितरण मुखि कार्यक्रम पुजिगत शिर्षकमा राखि खर्च लेखेको देखिन्छ ।अत गाउपालिकाले यस्ता प्रकृतिका समान चालुतर्फको कार्यक्रममा राखी संचालन गर्नु पर्दछ । | |
| ४६.२ | | | **बितरण मुखी कार्यक्रम** :स्थानिय सरकार संचालन ऐन २०७४अनुसार योजना तर्जुमा गर्दा दिगो उतपादन शिलक्षेत्रको पहिचान गरी छनौट गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिकाले वडाबाट संचालन हुने कार्यक्रम छनौट गर्दा निम्न अनुसार बितरण मुखि कार्यक्रम छनौट गरी सोही अनुसार समान बितरण गरेको देखिन्छ । अत कार्यालयले यसरी बितरण गरेका समानको लगत अभिलेख गरी जिन्सी खातामा समेत अभिलेख राख्नतर्फ ध्यान दिनु पर्दछ। | |

| भौचर न. | समानको नाम | संख्या | रकम | कैफिएत |
|---|---|---|---|---|
| ३५८।२०७८।३।१३ | मोबाईल खरिद वडा ६ | ७ | ९९९३० | ५जना पदाधिकारी २जना कर्मचारी |
| ३५९।२०७८।३।३ | मोबाईल खरिद वडा २ | ७ | १९९९२० | ५जना पदाधिकारी २जना कर्मचारी |
| ४७०।२०७८।३।२५ | मोबाईल खरिद वडा ८ | ६ | १९०००० | ५जना पदाधिकारी २जना कर्मचारी |
| ६६७।२०७८।३।२९ | मोबाईल खरिद वडा ५ | २ | २२९९५ | वडघर लाई खरिद |
| २५०।२०७७।१।१५ | साईकल खरिद ४ | ७ | ७०००० | वडघर मलमन्सार |
| १।२० | साईकल खरिद कृषि पुजिगतबाट | ३८ | ३९८९९८ | न्याय समितिका पदाधिकारीलाई भनी खर्च लेखेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.३ | | | **बाख्रा बितरण:** पशु पन्छी तथा मत्स्य सम्बन्धि स्थानीय तहमा हस्तान्तरित सशर्त कार्यक्रम संचालन कार्यविधि अनुसार स्थानिय तहबाट कृर्षकलाई बितरण गरिने पशुबिउ धनको खरिद गर्दा पशुको वजनको मुल्य एकिन गरी निरोगिताको प्रमाण पत्र समेतका आधारमा खरिद गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिकाले निम्न भौचरबाट खरिद गरी बितरण गरेका बाख्राको वजन उल्लेख नगरी सोझै तोकुवाको आधारमा खरिद गरी बितरण गरेको मुल्य वास्तबिक हो भन्न सकिने आधार देखिएन । अत गाउपालिकाले यस्ता कार्य गर्दा वजन र प्राबिधिकबाट प्रमाणित गरेको आधारमा मुल्य एकिन गरी खरिद गर्नु पर्दछ । | |

| भौचर न. | पशुको नाम | संख्या | दर | रकम |
|---|---|---|---|---|
| २५२।२०७८।१।१५ | बाख्रा खरिद वडा ४ | १२ | ८२५० | १२०००० |
| ३२३।१०७८।३।७ | बाख्रा खरिद वडा ५ | ३४ | १३५०० | ४५९००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.४ | | | **बिजक बेगर मु.अ.कर भुक्तानी:**आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५ ) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई,प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यवस्था छ । यस गारउपालिका कार्यालयले पावर टेलर खरिदको लागत अनुमानमा मु.अ. कर समेत राखी लं इ. तयार गरी कोटेशन माग गरेकोमा निम्न फर्मले उक्त कोटेशन दरभाउ पत्रमा समेत मु अ कर तिर्ने छु भनी दरभाउ पत्र पेश गरेकोमा रकम भुक्तानी गर्दा मु अ. कर सहित भुक्तानी भएको र .कर बिजकमा मु.अ.कर पेश नभएको र मु अ. कर लागत अनुमान र पेश गरेको दरभाउ पत्र अनुसार भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरी गाउपालिका सचित कोष दाखिला गर्नु पर्ने देखिएको रू ... | ११५,०४४ |

| भौचर न. | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम | मु.अ कर |
|---|---|---|---|---|
| ५।२०७८।१।१७ | पावर टिलर खरिद | किसान टेड्र लिकं | ४४२४७७।८७ | ५७५२२ |
| ३७५।२०७८।३।१४ | पावर टिलर खरिद | न्यु किसान टेड्र लिकं | ४४२४७७।८७ | ५७५२२ |
| | जम्मा | | | ११५४५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **लाभग्राही समुदायको काम** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>अधुरा योजनाः कार्यालयले आर्थिक बर्ष २०७७।७८ मा बिनियोजित बजेट अनुसार लागत अनुमान तयार गरी उपभोक्ता समिती संग सम्झोता गरी सोही आधारमा कार्य सम्पन्न प्रतिबेदन तयार गरी रकम भुक्तानी दिएको तर कार्य अधुरो नै रहेको देखिन्छ। यसरी सम्झौता गरी बजेट अनुसार मात्र कार्य नसकिने गरी गाउपालिकाले बजेट बिनियोजन गर्ने परीपाटीले गर्दा कार्यले पुर्णता नपाउने र बजेट अनावश्यक खर्च हने देखिएकोले गाउपालिका कार्यालय एक आर्थिक बर्ष भित्र कार्य सम्पन्न हुन योजनाको लागी बजेट बिनियोजन गरी खर्च गर्नतर्फ ध्यान दिनु पर्दछ । केही उदाहरइण निम्न छन ।
<table>
<tr><th>सि न</th><th>योजनाको नाम</th><th>गो. भौ.न र मिति</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>बिश्वनाथ बाबाको मन्दिर भवन निर्माण</td><td>१३।२०७८।३।२०</td><td>११३६५७७</td><td>९६७१६८</td></tr>
<tr><td>२</td><td>.बालबिघा मन्दि आ.बि भवन निर्माण उ.स</td><td>१५।२०७८।२।२१</td><td>१६६१९३१</td><td>१४५५२४३</td></tr>
<tr><td>३</td><td>न्यू सुर्योदय ग्रामिण बिधुत सहकारी संस.था भवन निर्माण उ.स.</td><td>११।२०७८।३।१६</td><td>१११९१०२</td><td>९७३२२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७.२</td><td></td><td></td><td>सम्झौता बेगरको भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा बमोजिम प्रताव वा निबदेन पाप्त भएपछिसम्वन्धित सार्वजनिक निकायले र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरि त्यस्तो काम वा सेवाको सम्बन्धमा सम्झौता गर्नु पर्ने ब्यवस्था छ ,। यस नगरपालिका कार्यालयले सम्झौता बेगर निम्न कार्यको रकम भुक्तानी दिएको देखिन्छ । यसरी सम्झौता बगेर भुक्तानी दिएको रकम नियम संगत नदेखिएको रू
<table>
<tr><th>भौचर न.</th><th>काम वा उपभोक्ता समितीको नाम</th><th>रकम</th></tr>
<tr><td>५७५।२०७७।३।३०</td><td>भागेश्वर मन्दिरको अधुरो भवन निर्माण उ.स</td><td>३३४०५९।००</td></tr>
<tr><td>५३८।२०७८।३।२८</td><td>धर्मापुर योग भवन निर्माण उ.स</td><td>७१३६४।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४०५४२३।००</td></tr>
</table>
</td><td>४०५,४२३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.३ | | | **उपभोक्ता समिति बहुबर्षिय :**सार्वजनिक खरिद नियमावली २०६४ मा उपभोक्ता वा लाग्राही समुदायबाट गराउने कार्य एक आर्थिक बर्ष भित्र सम्पन्न हुने गरी सम्झौता गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यालयले आर्थिक बर्ष २०७६।७७ मा सम्झौता गरी रनिङ बिलका आधारमा भुक्तानी दिई बाकी रहेका कार्यलाई पुन सोही उपभोक्ता समितीलाई काम गराई बहुबर्षिय बनाई म्याद थपका आधारमा आर्थिक बर्ष २०७७।७८ भुक्तानी दिएको देखिन्छ । अत कार्यालयले यस्ता कार्यलाई नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन । | |

| सि.न. | उपभोक्ता समितीको नाम | रकम |
|---|---|---|
| १ | जेष्ट नागरिक सामुदायीक भवन निर्माण उ.स. | १३२४५७६ |
| २ | औम शान्ती भवन निर्माण उपभोक्ता समिति | ९१८५७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.४ | | | **अनुत्पादक खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न मठ ,मन्दिर गुम्बा, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउपालीकाले आर्थिक योजना उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ .। यस गाउपिलकाले उत्पादन बृदि नगर्ने खालका कार्य जस्तै मन्दिर, गुम्बा,बिधुतिय सहकारी र जाती समाजका भवन निर्माणमा खर्च गरेका केही उदाहरण नमन रहेका छन । अत गाउपालिकाले यस्ता कायर्मा नियन्त्रण गर्नु पर्दछ । | |
| ४८ | | | **उपभोक्ता समितिको काम** | |
| ४८.१ | | | **उपभोक्ताको कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण कलभर्ट खानेपानी संरचना निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई गरेको देखिन्छ। यसरी उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, ग्रेडर, , रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना | |

| सि न | योजनाको नाम | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | नगरपालिका पुजिगत | ६ | ३२९९३३५ |
| २ | स्थानिय पूवाधार साझेदारी | ४ | २९०६७९३ |
| ३ | प्रदेश पुजिगत | ४ | १४१४७२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्वेश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।
<table>
<tr><th>सि.न.</th><th>उपभोक्ता समितको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जानकीदेबि चौधरीको घरदेखि चित्र बहादुरकोघर सम्म सडक पिच</td><td>१५६४३५३</td></tr>
<tr><td>२</td><td>धर्मापुर उल्तहान घर नजिक कलभर्ट निर्माण</td><td>९७५०००</td></tr>
<tr><td>३</td><td>रा.मा. बि पाताभार ३रापर्खाल निर्माण उ.स.</td><td>१४६२५००</td></tr>
<tr><td>४</td><td>राष्टिय आ.बि. बिधालय उ.स. १००००००</td><td>१००००००</td></tr>
<tr><td>५</td><td>बालबिघा मन्दि आ.बि भवन निर्माण उ.स १४५५२४३</td><td>१४५५२४३</td></tr>
<tr><td>६</td><td>फारलाईन सडक एकेन्द्र खडकाको घर नजिक करलभर्ट निर्माण १२२०५३०</td><td>१२२०५३०</td></tr>
<tr><td>७</td><td>जानकी ४ मनुवा देखि कंचनपुर कालो पत्रे उ.स ११२४९६६</td><td>११२४९६६</td></tr>
<tr><td>८</td><td>भुतैया टवलको कंचनपुर खोलामा कलभर्ट निर्माण उ.स २४००५०४</td><td>२४००५०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>सडक ग्राभेल सामाग्रीमा रोयल्टीः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले उपभोक्ता समितिको बिलको रकम भुक्तानी गर्दा प्रबिधिक बिलमा ग्राबेलमा रोयल्टी भनी मुल्याङ्कन गरेको तर रोयल्टी</td><td>३६३,३५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तिरेको बिल बिजक पेश नगरी भुक्तानी दिएका केही उदाहरण निम्न छन । अतः रोयल्टी वापत भुक्तानी गरेको रकम उपभोक्ताले तिरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.. | |

| उपभोक्ता समितीको नाम | प्रयोग ग्राबेलको परिमाण | ग्राबेल रोयल्टी दर | बिल पेश भएको परिमाण | फरक | रकम |
|---|---|---|---|---|---|
| जानकीदेबि चौधरीको घरदेखि चित्र बहादुरकोघर सम्म सडक पिच | ५०८।५१ | ७५ | ० | ५०८।५१ | ३८१३८ |
| भुतैया टवलको कंचनपुर खोलामा कलभर्ट निर्माण उ.स | २००।७३ | ७५ | ० | २००।७३ | १५०५४ |
| तीनहुड देखि जमरा पुल सम्म बोटो ग्राबेल उ.स | ६०८।८७ | ७५ | ० | ६०८।८७ | ४५६६५ |
| चर्चदेखि पश्चिमदक्षिण बल.ब. साउदको घर हुदै सडक नि. उ. | ५३६ | ७५ | ० | ५३६ | ४०२३६ |
| परागीपुर प्रतिक्षालयदेखि उतररोड काठेपुलसम्म सडक ग्राबेल उ.स | २२५ | ७५ | ० | २२५ | १६८७५ |
| जानकी नगर खवपकेन्द्रदेखि दक्षीण मोहन चन्द्रको घर सम्म सडक ग्राबेल उ.स | २२४ | ७५ | ० | २२४ | १६८०० |
| बढरीया लौटी चौधरीको घरदेखिपश्िचम सौनैया घर सम्म सडक नि.उ.स | २१७ | ७५ | ० | २१७ | १६३३९ |
| शिवशक्ती टोलको सडक ग्राबेल उ.स. | २३५ | ७५ | ० | २३५ | १७६४० |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खैरापुर पुष्कर जोशिको घर देखि बोक्सी राधाकृष्ण चौधरीको घर सम्म ग्राबेल उ.स. | १४८३ | ७५ | ० | १४८३ | १११२३४ | |
| | | | सात बिगाह सडक निर्माण उस. | ३०५ | ७५ | ० | ३०५ | २२९४६ | |
| | | | बारी मुर्तिया देखि पारी जोडने सडक | २९९ | ७५ | ० | २९९ | २२४२५ | |
| | | | | | जम्मा | | | ३६३३५२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.३ | | | **बढी भुक्तानी**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ भने आर्थिक कार्यबिधि तथाबित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । जस अनुसार यस गाउपालिकाले निम्न बिधालययको भवन नित्र्माणको लागि त्रिपक्षीय सम्झौता अनुसार विल्ड नेपालले समानको रकम दिने ,गाउपालिकाले वालुवा,गिटटी ढोकाको काठ दिने र अरू समान मा बिधाललयको सहभागिता रहने गरी सम्झौता भएकोमा नगरपालिकाले उक्त शर्त भन्दा बढी रकम निम्न कार्यमा भुक्तानी दिएको देखिएकोले असुल गरी नगरपालिका संचित कोषमा दाखिला गर्नु पर्ने देखिएको रू... | १५९,२८१ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | कामको बिवरण | परिमाण | दिएको रकम | दिन पाउने रकम | फरक रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १८७।२०७७। १२।२ | जय पार्वती आ.बि.को भवन.नि.उ.स | १.३.६ पि.सि.सि. | १८.९२ | ६९८२ | ४००७ | २९७५ | ५६२८७ |
| ४६२।२०७८।३। २९ | राष्टिय आ.बि.को भवन .नि.उ.स | १.३.६ पि.सि.सि. | १७.३१ | ६९८२ | ४००७ | २९७५ | ५१४९७ |
| ५६४।२०७८।३। २९ | राष्टिय आ.बि. को भवन .नि.उ.स अमौरी ५ | १.३.६ पि.सि.सि. | १७.३१ | ६९८२ | ४००७ | २९७५ | ५१४९७ |
| | जम्मा | | | | | | १५९२८१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८.४</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>सि.नं</th><th>निर्माण कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>बालबिघा मन्दि आ.बि भवन निर्माण उ.स</td><td>१४५५२४३</td></tr>
<tr><td>२</td><td>.आदर्श मा.बि घेरा पर्खाल निर्माण उ.स</td><td>९३५४९२</td></tr>
<tr><td>३</td><td>रा.मा. बि पाताभार ३रापर्खाल निर्माण उ.स.</td><td>१४६२५००</td></tr>
<tr><td>४</td><td>जानकी ४ मनुवा देखि कंचनपुर कालो पत्रे उ.स</td><td>११२४९६६</td></tr>
<tr><td>५</td><td>३. जानकीदेबि चौधरीको घरदेखि चित्र बहादुरकोघर सम्म सडक पिच उ.स</td><td>१५६४३५३</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.५</td><td></td><td></td><td>अनुगमन तथा समिक्षा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७७।७८ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको गाउपालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन पेश गरेको देखिन्छ भने पालिकाद्रारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अत यसले गर्दा पालिकादारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षणग गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.६ | | | **हाते बिल भरपाईः**आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयदारा भुक्तानी दिादा निम्न निमार्ण तथा खरिद कार्यको लागी ढुंगा गिटटी वालुवा खरिदमा खर्चलाई पुष्टयाई गर्ने वास्तबिक कागजात नराखि लिखितम भरपाई गरी भुक्तानी लिने पार्टीको ठेगाना र खुल्ने कुनै प्रमाण बेगर पेश गरेका बिल वास्तबिक हुन भन्न सकिने आधार नदेखिएकोले कार्यालयले आधिकारीक बिल भरपाई लिई भुक्तानी दिनतर्फ ध्यान दिनु पर्दछ । केही उदाहरण निम्नानुसार छन । | |

| सि.न. | कार्यक्रमको नाम | योजनाको नाम | समानको नाम | पेश भएको बिल रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगरपालिका पुजिगत | भुतैया टवलको कंचनपुर खोलामा कलभर्ट निर्माण उ.स | ग्राबेल खरिद ढुवानी | २५१००० | ५ वटा बिल पेश |
| २ | नगरपालिका पुजिगत | धर्मापुर उल्तहान घर नजिक कलभर्ट निर्माण | बिभिन्न् समान | २२५६५० | ४ वटा बिल पेश |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **शसर्त अनुदानबाट प्रोत्साहन भत्ता**<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । सोहि अनुसार पालिकाले संघिय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रम तर्फको बजेटबाट पालिकाको निर्णया नुसार ३५ जना स्वास्थ्य कर्मचारीको लागि मासिक दश प्रतिशतका दरले बार्षिक रु.१२३२२७६।- प्रोत्साहन भत्ता उपलब्ध गराएको छ । ऐनको व्यवस्था विपरित शसर्त बजेटबाट प्रोत्साहन भत्ता भुक्तानी गरेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | १,२३२,२७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | २९० | २०७८-३-३ | **फिल्ड भत्ता भुक्तानी**<br>संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७७।७८ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । पालिकाले मार्गदर्शनमा भएको व्यवस्था विपरित मातृ तथा नवशिशु कार्यक्रमको रकमबाट अनमी सहायक चौथो श्री उर्मिला रावललाई रु.१०८००, अनमी सहायक चौथो श्री सरस्वति कुमारी शर्मालाई रु.१४४००.० र अनमी सहायक चौथो श्री अल्का वर्मालाई रु.१२०००.० समेत जम्मा रु.३७२००.० फिल्ड भत्ता उपलब्ध गराएको छ । नियमानुसार पाउनुपर्ने फिल्ड भत्ता रकम कर्मचारीको पारिश्रमिक सँगै भुक्तानी भइसकेको अवस्थामा यस कार्यक्रमबाट फिल्ड भत्ता उपलब्ध गराउन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ३७,२०० |
| ५१ | | | **दरबन्दी भन्दा बढी कर्मचारी**<br>पालिकाले स्वास्थ्य तर्फका स्थायी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा स्वास्थ्य मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी बमोजिमका कर्मचारीलाई मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्वीकृत दरबन्दी तेरिज अनुसार यस गाउँपालिकाको स्वास्थ्य चौकीमा प्रति स्वास्थ्य चौकी छैठौ तहको २ जना, पाचौ तहको २ जना र चौथो तहको २ जना स्वास्थ्य कर्मचारी रहने छन् र सोहि अनुसार पालिका अन्तर्गतका ४ स्वास्थ्य चौकीका कुल २४ जना र पालिकामा २ जना छैठौँ तहका कर्मचारी समेत गरी जम्मा २६ जनाको दरबन्दी रहेको छ । तर पालिकामा ८ जना छैठौँ तहका, १३ जना पाचौँ तहका र ९ जना चौथो तहका गरि ३० जना कर्मचारी कार्यरत रहेका छन् । २ जना छैठौँ तहको रिक्त दरबन्दीमा पाचौँ तहको कर्मचारी कार्यरत रहँदा पनि ३ जना पाँचौ तहको र १ जना चौथो तहको गरि ४ जना दरबन्दी भन्दा बाहिरको कर्मचारीलाई काममा लगाइ बार्षिक रु.१४७५७३०.० तलब भुक्तानी गरेको छ । यस सम्बन्धमा पालिकाले तालुक कार्यालयले कर्मचारी समायोजन तथा सरुवामा आवश्यक समन्वय नगरी सोझै सरुवा गर्दा दरबन्दी भन्दा बढी कर्मचारी रहन गएको भन्ने प्रतिक्रिया दिएको छ । यसरि स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी सरुवा गर्ने तथा दरबन्दी बाहिरको कर्मचारीलाई हाजिर गराइ कामकाज गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ५२ | | | **औषधि खरिद तथा व्यवस्थापन**<br>पालिकाले यस आर्थिक वर्षमा शिलबन्दी दरभाउ र सोझै खरिद विधिबाट रु.१८७४३३३.० को औषधि खरिद गरेको छ । खरिद गरेका औषधि कार्यालयमा दाखिला गरी सोझै स्वास्थ्य संस्थामा हस्तान्तरण गर्ने गरेको छ । खरिद गरिएका औषधिमा आंशिक रुपमा निःशुल्क वितरणको ट्याग राख्ने गरेतापनि पुर्ण रुपमा ट्याग लगाउने गरेको छैन । जसबाट खरिद गरिएका औषधि निशुल्क वितरण नभइ विक्रि वितरण हुने जोखिम रहने हुँदा निशुल्क वितरणको ट्याग लगाएर मात्र स्वास्थ्य संस्थामा हस्तान्तरण हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>नमुना विद्यालय कार्यक्रम<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा नं. ८.६ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक अनुदान कार्यक्रममा गत विगत आर्थिक वर्षमा भौतिक पुर्वाधार निर्माणाधिन रहेको विद्यालयमा स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा खर्च गर्ने अनुदान अनुदान उपलब्ध गराएको उल्लेख छ । पालिकाले यस कार्यक्रमको लागि प्राप्त रकम जनता नमुना माध्यमिक विद्यालयमा अन्तर्गत विद्यालय वरपर पर्खाल निर्माणको ठेक्का गरेकोमा वचत रकमबाट भौतिक पुर्वाधार निर्माणको कार्यभन्दा बाहिर देहायबमोजिम खरिद कार्य गरेको छ । भौतिक निर्माणमा प्राप्त रकम सोही बमोजिमका कार्यमा खर्च नगरी आ.सि.टी ल्याब निर्माणको लागि सामाग्री खरिद गरेको देखिन्छ । खरिद कार्य पनि एकमुष्ट रुपमा नगरि टुक्रा पारि खरिद गरेकव देखिएकोले खरिद कार्यलाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>भौ.नं.</th><th>आपुर्तक</th><th>विल नं. र मिति</th><th>रकम</th><th>खरिद सामाग्रीको संक्षिप्त विवरण</th></tr>
<tr><td>३३०</td><td>केशव इन्टरनेशनल प्रा.ली.</td><td>९४२-३।१६</td><td>४९६९८५.०</td><td>डेस्कटपक कम्प्युटर ७ थान</td></tr>
<tr><td>३३३</td><td>प्रविम ट्रेड जोन</td><td>३७-३।२२</td><td>३९५५००.०</td><td>स्मार्ट वोर्ड ३ थान</td></tr>
<tr><td>३३४</td><td>आचार्य ट्रेडर्स</td><td>६१७-३।२४</td><td>४४७२५४.०</td><td>प्रोजेक्टर ३ थान, एसी २ थान</td></tr>
<tr><td>३३८</td><td>न्यु हिमा ट्रेडर्स</td><td>३३३-३।२२</td><td>३४९७३५.०</td><td>ल्यापटप ३ थान, क्यामरा १ थान</td></tr>
<tr><td>३४८</td><td>जि.एस. कम्प्यूटर एण्ड इलेक्ट्रोनिक्स सप्लायर्स</td><td>३८६-३।२५</td><td>४९६९८५.०</td><td>डेस्कटप कम्प्युटर ७ थान</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२१८६४५९.०</td><td></td></tr>
</table></td><td>२,१८६,४५९</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>खरिद दाखिला स्पेशिफकेशन नखुलेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४.१ | | | **प्रमाण बेगरको भुक्तानी :**आर्थिक कार्यविधि तथा बित्तियउत्तरदायित्व नियमावली, २०७७को नियम३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई,प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यवस्था छ । यस गारउपालिका कार्यालयले भौचर न. ५७५।२०७८।३।३०बाट लालबहादुर बिश्वकर्मालाई लागत अनुमानको आधारमा बिरूवा उत्पादनको लागी रू ५०००००।०० भुक्तानी दिएकोमा बिरूवा उत्पादन र प्रयोग भएको प्रमाण देखिएन । निजले के कति केका बिरूवा उत्पादन गरयो त्यी बिरवा कहाँ प्रयोग भए देखिएन अत निजले बिरूवा उत्पादन गरेको भए उत्पादन बिवरण र बितरणको भरपाई पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रू ... | ५००,००० |
| ५४.२ | | | **जिन्सी दाखिला :**आर्थिक कार्यबिध तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयलाई पाप्त मालसमानको बिवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी समान खातामा आम्दानी बाधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यालयले आर्थिक बर्ष २०७७।७८मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूको बिवरणमा स्पेसिफिकेशन उल्लेख गरेको देखिएन । यसरी स्फेसिफिकेशन बेगर जिन्सी खातामा आम्दानी जनाएका समानको पुर्ण बिवरण खुल्ने अवस्था देखिन । अत गाउपालिका कार्यालयले जिन्सी दाखिला गर्दा मुल्यमा सम्पती तथा समानको स्पेशिपिकेशन सहितको बिवरण खुलाई जिन्सी किताबमा आम्दानी जनाउनु पर्दछ । केही उदाहरण निम्न छन । | |

| भौचर न. | समानको नाम | मुल्य | कैफिएत |
|---|---|---|---|
| २१।२०७७।७।५ | ल्यापटप खरिद | ४९४९४० | स्पेसिफिकेशन नखुलाएको |
| ११३।२०७७।९।२७ | ल्यापटप खरिद | ४९०००० | स्पेसिफिकेशन नखुलाएको |
| १८७।२०७७।१२।५ | ल्यापटप खरिद | ३३०००० | स्पेसिफिकेशन नखुलाएको |
| २२६।२०७७।१२।३० | ल्यापटप खरिद | १९०७०० | स्पेसिफिकेशन नखुलाएको |
| २५४।२०७८।१।१७ | ल्यापटप खरिद | ४८३००० | स्पेसिफिकेशन नखुलाएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **सोझै खरिद तर्फ** | |
| ५५.१ | | | **कोटेशनको कार्य**: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७७।७८ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनदारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि ५ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब ५ देखि ४५ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा गाउपालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन । | |

| गो.भौ. न | कार्यक्रमको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी |
|---|---|---|---|---|
| ६।२०७७।६।२१ | माटो परीक्षण | ४९६८६१ | ४९६८६१ | ० |
| २३।२०७७।७।५ | हयुमपाइप खरिद | ४७७८३९ | ४७७७९८ | ०।९ |
| १८३।२०७७।१२।१ | काडेतार घेरवार | ४७६१५७ | ४७६१५७ | ० |
| २२४।२०७७।१२।३० | बाटो ग्राबेल | ३७५९२५ | ३७५९२५ | ० |
| २६२।२०७८।१।२९ | च्यानल गेट निर्माण | ४८०९३९ | ४८०१९९ | ०।९ |
| ३१८।२०७८।३।४ | बोरिङ जडान | ३९९६४७ | ३९८९७९ | ०।९ |
| ३६८।२०७८।३।१३ | सडक मर्मत | ४७५८०३ | ४७२२७७ | ०।९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६२६।२०७८।३।३० | भवन निर्माण | ४८७४९७ | ४४९३२४ | ०।९ | | |
| ५५.२ | | | **एकै प्रकृतिको समान खरिद :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१)मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख) एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ती, फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ र सार्वजनिक खरीद नियमावली २०६४ को ८४ मा ५ लाख भन्दा बढीको निमार्ण कार्य वा खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नु पर्नेमा एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धि मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृति समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था छ । यस गाउपालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी खरिद गर्ने ब्यहोरा बिनियोजन ऐनमा नै राखी खरिद गरेका केही उदाहरण निम्न छन । यसरी सार्वजनिक खरिद ऐनमा भएको ब्यवस्थासग बाझिने गरी बिनियोजन ऐनमा राखी एउटै प्रकृतिका समान पटक पटक खरिद गरेको रू ४६४४१७२।०० नियमसंगत भन्न सकिएन ।अत नगरपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।<br>एउटै प्रकृतीका समान खरिद | | | | | | | ४,६४४,१७२ |

| सि.न. | भौचर न. | कामको नाम | पार्टीको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|---|
| १ | १२।२०७७।७।५ | मेशिनरी औजार समान खरिद | एल बि. कम्प्युटर सेन्टर | ४९७२०० | |
| २ | ११३।२०७७।९।२३ | मेशिनरी औजार समान खरिद | सिदार्थ कम्प्युटर सप्लार्स | ४९०००० | |
| ३ | २०९।२०७७।१२।१२ | मेशिनरी औजार समान खरिद | याजल टेड्रस सप्लार्स | ४९५००० | |
| ४ | ५०७।२०७८।३।२७ | मेशिनरी औजार समान खरिद | केदार सपलार्स | ४९८७९९ | |
| ५ | ५०४।२०७८।३।२७ | मेशिनरी औजार समान खरिद | आक्षटी दरवार प्रा.लि | ४९८३३० | |
| ६ | २१।२०७७।७।५ | फनिचर खरिद | अफिस फिनिसिङ होम | ३२३१८० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | २०७८२।२३ | फनिचर खरिद | जानकी फिनिसिङ | ४९१६६३ | | | |
| | | | | ८ | २२।२०७८।३।२५ | च्यापकटर खरिद | पशुशाखा चालु | ३०००००० | | | |
| | | | | ९ | २४।२०७८।३।२५ | च्यापकटर खरिद | पशुशाखा चालु | २५००००० | | | |
| | | | | १० | २५।२०७८।३।२५ | च्यापकटर खरिद | पशुशाखा चालु | ४०००००० | | | |
| | | | | ११ | २७।२०७८।३।२५ | च्यापकटर खरिद | पशुशाखा चालु | ४०००००० | | | |
| | | | | | | जम्मा | | ४६४४१७२ | | | |
| ५५.३ | | | **प्रमाण पेश नभएको:**आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले आर्थिक बर्ष २०७७।७८ मा खरिद गरिएका निम्न समानहरू जडान तथा बितरण गरेको भर्पाई भुक्तानी भौचर साथ राखेको देखिएन अत कार्यालयले उक्त समान जुन जुन उदेश्य र प्रयोजनको लागी खरिद गरिएको हो तत अनुसार जडान र बितरण गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू ... | | | | | | | | २,१४३,४४३ |

| भौचर न. | सामानको नाम | पार्टीको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|
| १०३।२०७।९।२१ | महिला समुहको लागी स्टील दराज खरिद २५ | मनकामना स्टील फनिचर्श उधोग | १३७९७३ | बितरणको भरपाई नभएको |
| ३४८।२०७८।३।९ | हयुम पाईप ६ थान | बिनाक पोल उधोग | ८४३२४ | जडान ।बितरणको भरपाई नभएको |
| ३५०।२०७८।३।९ | हयुम पाईप २१ थान | रमदुत कंक्रिड उधोग | १९०७६५ | जडान ।बितरणको भरपाई नभएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३५६।२०७८।३।९ | हयुम पाईप ६ थान | बर्दगोरिया कंक्रिड उधोग | ३८६८११ | जडान ।बितरणको भरपाई नभएको | |
| | | | ४११।२०७८।३३० | ४ प्रकारको औषधी खरिद | | २३९६५० | ।बितरणको भरपाई नभएको | |
| | | | ५३०।२०७८।३।२९ | हयुम पाईप २४ थान | भागेश्वर हयुम पाइप उधोग | ४९८१९४ | जडान ।बितरणको भरपाई नभएको | |
| | | | ६६५।२०७८।३।३० | धानखेती स्मार्ट नर्सरी स्थापना | गणेश चौधरी | ३६०२५ | डकुमेन्ट्री र प्रगती नभएको | |
| | | | ६६४।२०७८।३।३० | नल्का खरिद वडा न .३ | | ९५२२१ | जडान ।बितरणको भरपाई नभएको | |
| | | | १५।२०७८।३।२५ | कनसेलर बितरण- ds}sf bfgf दाना छोडाउने मेशिन_ १२ वटा | कृर्षि शाखा बिषयगत | ४७४४८० | बितरणको भरपाई नभएको | |
| | | | | जम्मा | | २१४३४४३ | | |
| ५६ | | | **स्थलगत अवलोकन** | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.१ | | | **निर्माण स्थल ब्यवस्था :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको ब्यवस्था नभई बोलपत्रको आव्हान गर्नु हुदैन भन्ने ब्यवस्था छ भने नियन १२३मा बिल बिजकको भुक्तानी दिदा प्राबिधिक नाप जाच गरी नापी किताबमा उल्लेख भएको वास्तबिक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७५।७६मा लायकपुर, सुर्यपुर, भगरैया ,अमरावती फायरलाईन सडक कालोपत्रेको लागी बोलपत्र आब्हान गरी रु ११४६७९१७।६७मा कि.मी सडक कालोपत्रे गर्ने गरी सम्झौता गरेकोमा सडक छेउका जग्गा धनीले अदालतमा मुद्रा दायर गरेको देखिन्छ ।जसले गर्दा हाल उक्त सडकको ११८ मिटर सडकको कार्य नगरी बाकी कार्यको कार्यालयले कार्य सम्पन्न प्रतिबेदन तयार गरी भ्क्तानी दिएको देखिन्छ । यसरी अधुरो कार्यको भुक्तानी दिने प्रकृया नियम संगत देखिएन । साथै उक्त सडकको लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा नापी किताबमा ६ मिटर चौडाई भनी उल्लेख गरेकोमा फिल्डमा हेर्दा ५.७मिटर देखि ६.५ मिटरको चौडाई देखिन्छ ।यसरी नापी किताव र फिल्ड अनुसार फरक देखिएकोले वास्तबिक नापी गरेको हो भनी बिश्वस्त हुन सकिएन र कार्य सम्पन्न भए पछी सडकमा रहेका चिप्सहरू ठेक्का कार्य अनुसारसफाई गरी उठाएको नदेखिएकोले सडक दाया बाया किनारमा घास समेत उम्रीएको देखिन्छ । यस सम्बन्धमा कार्यालयले स्पष्ट रुपमा एकिन गर्नु पर्दछ । फोटो निम्न छ ।<br>No description available.No description available. | |
| ५६.२ | | | **नापी किताबः** निर्माण सम्वन्धी कामको विवरण नापी किताबमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापी कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नु पर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । यस नगरपालिका कार्यालयदारा गत आ.वा.मा संचालित योजना हरुको भुक्तानी यस बर्ष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आ.वा.का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ | |
| ५७ | | | **बोलपत्रको माध्यमबाट खरिद** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७.१ | | | सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को प्रस्तावनामा स्रोतको बढदो माग ब्यवस्थापन गर्ने चुनौती रहेको बर्तमानअवस्थामा कोभिड १९ को सक्रमणले आर्थिक क्रियाक्रलाप प्रभाबित भई सार्वजनिक स्रोत परिचालनमा थप दबाब सिर्जना भएको र यस रोकथामको नियन्त्रण र उपचनारका लागि स्वास्थ्य क्षेत्रमा सरकारको खर्च बढाउन,अर्थतन्त्रको पुनस्थापना गर्न अनिर्वार्य दायित्व ब्यवस्थापन गर्न तथा निर्माणाधीन आयोजनालाई निरन्तरता दिदै सार्वजनिक खर्चलाई थप मितब्ययी एव.नतिजामुखि बनाउन बाञ्छनीय भएकोले मापदण्डको बुदा न.३ माअति आवश्यक बाहेक फनिचर तथा फिक्चर्स खरिद गर्न नपाईने, बुदा न,५ मा बैदेशिक भ्रमण किफाएती बनाउने, बुदा न. ६ मा कार्यालयका पदाधिकारी उपस्थित मात्रको बैठकको भता दिन नपाईने,बुदा न.७ मा नया सवारी साधन अर्थको सहमति बेगर खरिद गर्न नपाईने,बुदा न. ८ मा सम्पति लिलाम असोज मसान्तभित्र गरि सक्नु पर्ने, बुदा न. ९ मा दिघर्कालिन दायीत्व सिर्जना हुने गरि ठेक्का बन्दोबस्तो गर्न नपाईने आदी मापदण्ड निधारण गरी यी मापदण्द सबैले पालना गर्नु पर्ने छ भनी उल्लेख गरेको छ । लेखापरिक्षणको क्रममा उक्त कुरा पालना गरे नगरेको अवलोकन गर्दा अधिकांश बिषय बस्तुको पालना गरेको अवस्था देखिएन । अत गाउपालिका कार्यालयले उक्त प्रावधानको पालना गरी सार्वजनिक खर्चलाई मितब्ययी बनाउनतर्फ ध्यान दिनु पर्दछ । | |
| ५७.२ | | | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ दफा ६ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १९७३५८७७०।८३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई पछी मितब्ब्ययी, प्रतिस्पर्धात्मक र पारदर्शी बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७.३ | | | **अधुरा आयोजना**– आर्थिक कार्यविधि तथा बित्तियउत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३)मा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले बिलभरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको बिवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्रमाणित गराई राखुनु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले आर्थिक बर्ष २०७६।७७ को बिभिन्न निर्माण कार्यको अधुरा योजनाको भुक्तानी दिन बाँकी भनी एकमुष्टको बिवरण नराखी भुक्तानी अनुसार फरक फरक गरीराखेको देखिन्छ । यसरी राखेको बिवरणको आधारमा नाम नामेसी भुक्तानी दिन बाकी जिम्मेवारी सारेको र आर्थिब बर्ष २०७७।७८ मा भुक्तानी दिएको देखिन्छ ।यसरी भुक्तानी दिनु पर्ने रकमको नाम नामेसी सहितको कच्चावारी तयार गरी आर्थिक बर्ष समाप्त भएको ७ दिन भित्र प्रमाणित गरी राख्नु पर्नेमा नाम नामसी सहित राखेको देखिएन । गाउपालिका कार्यालयले कानुनमा भएको ब्यवस्था अनुसार नाम नामसी सहितको कच्चावारी राखेको नदेखिकोले भुक्तानी दिन बाकी रकम भुक्तानी भएकै योजनाको नै हो भन्न सकिएन ।अत गाउपालिकले यसरी भुक्तानी दिन बाकी रहेको रकमको नामनामेसी सहितको बिवरण खुलाई राख्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ५७.४ | | | कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ५७.५ | | | **आयोजनासमिक्षा**– आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार का १५ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । केही उदाहरण निम्न छन। | |

| योजनाकव नाम | आर्थिक बर्ष | निर्माण कम्पनीको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | रा.मा. बि .भवन निर्माण ५ | २०७६।७७ | नारायण निर्माण सेवा | ३५३८४०७ | १५०००७६ | |
| | | | ऐशर्वर्यप्रा. बि भवन निर्माण | २०७६।७७ | नवयुग कनस्टकशन | ३३४८८४५ | १९०६५८४ | |
| | | | जनता आ.बि. भवन निर्माण९ | २०७६।७७ | नवयुग कनस्टकशन | ३५२२५४९ | १५४४८३५ | |
| | | | स्वास्थ्य चौकी भवन निर्माण ९ | २०७६।७७ | नारायण निर्माण सेवा | ४२०७२७५ | १७५१७५९ | |
| | | | स्वास्थ्य चौकी भवन निर्माण ३ | २०७६।७७ | जय प्रभु निर्माण सेवा | ४२९२४९७ | २०९५३८७ | |
| | | | फारलाईन सडक निर्माण | २०७६।७७ | आर. एस निर्माण सेवा | ५२६७४७१ | १४३६७१६ | |
| | | | जानकी १ धर्मापुर सडक काल पत्रे | २०७६।७७ | आर. एस निर्माण सेवा | ५२६७१८३ | २०१७६२४ | |
| | | | जानकी ४ सडक काल पत्रे | २०७६।७७ | मल्ल निर्माण सेवा | ५८०५३८ | १४८३१५८ | |
| | | | जानको ५ सडक काल पत्रे | २०७६।७७ | एस.के.ए नि.से | ५९०४१८८ | ३०७०२४३ | |
| | | | अपग्रेड बर्डरिया सडक | २०७५।७६ | श्री साई कनस्टकशन | ६६६८१२९ | २७९५७३३ | |
| | | | अपग्रड अमरा देखि जुडपुर सडक | २०७५।७६ | श्री साई कनस्टकशन | ३३३६०८७ | | |
| | | | अपग्रेडचिलिम चौराह दुर्गौली सडक | २०७५।७६ | एम.एस. कन्स्टकशन | ३२४७२८६ | १०७६६५० | |
| | | | अपग्रडचिलिम चौराह गोलरी सडक | २०७४।७५ | बि.बि. एस कन्स्टकशन | ५८०१८१५ | २२२३२५२ | |
| | | | अपग्रेड मनुवा कंचनपुर सडक | २०७४।७५ | बि.बि. एस कन्स्टकशन | ५७८४५४३ | १९८५९९७ | |
| | | | अपग्रेडचिलिम चौराह दुर्गौली सडक | २०७४।७५ | कभर्ड हल | २०८१०३६३ | २५५७२५२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ५७.६ | | | **अधुरा आयोजना**– आर्थिक कार्यविधि तथा बित्तियउत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३)मा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले बिलभरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको बिवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्रमाणित गराई राखुनु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले आर्थिक बर्ष २०७६।७७ को बिभिन्न निर्माण कार्यको अधुरा योजनाको भुक्तानी दिन बाँकी भनी एकमुष्टको बिवरण नराखी भुक्तानी अनुसार फरक फरक गरीराखेको देखिन्छ । यसरी राखेको बिवरणको आधारमा नाम नामेसी भुक्तानी दिन बाकी जिम्मेवारी सारेको र आर्थिब बर्ष २०७७।७८ मा भुक्तानी दिएको देखिन्छ ।यसरी भुक्तानी दिनु पर्ने रकमको नाम नामेसी सहितको कच्चावारी तयार गरी आर्थिक बर्ष समाप्त भएको ७ दिन भित्र प्रमाणित गरी राख्नु पर्नेमा नाम नामसी सहित राखेको देखिएन । गाउपालिका कार्यालयले कानुनमा भएको ब्यवस्था अनुसार नाम नामसी सहितको कच्चावारी राखेको नदेखिकोले भुक्तानी दिन बाकी रकम भुक्तानी भएकै योजनाको नै हो भन्न सकिएन ।अत गाउपालिकले यसरी भुक्तानी दिन बाकी रहेको रकमको नामनामेसी सहितको बिवरण खुलाई पछि दोहोरो भुक्रातानी नहुने अवस्थालाई सुनिश्चित गर्नु पर्दछ । | |
| ५८ | ४६ | २०७८-३-२० | **कर दाखिला नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । धान वालि उत्पादन प्रदर्शन कार्यक्रमको लागि राम वहादुर बडायकलाई रु.४५०००.० भुक्तानी गरेकोमा धान रोपाइ र कटानी कार्यको लागि श्री दिपु कठरियालाई रु.३२०००.० रकम भुक्तानी गर्दा रु.३२००.० करकट्टी गरेकोमा जम्मा रु.३२०.० मात्र दाखिला गरेको देखिएकोले नपुग कर रकम रु.२८८०.० को दाखिला भौचर पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु. | २,८८० |
| ५९ | ३९ | २०७८-३-१८ | **नमुना कृषक सहयोग कार्यक्रम**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले नमुना कृषक छनौट कार्यक्रममा बजेट विनियोजन गरि ९ जना कृषकालई रु.१३५००.० का दरले रु.१२१५००.० मा २५ प्रतिशत करकट्टी गरी रु.९११२५.० भुक्तानी गरेको छ । कार्यक्रम कसरी सञ्चालन गर्ने, कृषक कसरी छनौट गर्ने लगाएतका कागजात नै संलग्न नगरी पालिकाले सोझै ९ जना कृषकलाई रकम भुक्तानी गरेको देखिएकोले उक्त कृषक कुन कृषि व्यवसायमा आवद्ध छन्, नमुना कृषक छनौट हुन योग्य हुन होइनन् सो को प्रमाण पेश गर्नुपर्ने रु. ९११२५.० | ९१,१२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **कृषि पकेट विकास कार्यक्रम**<br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ । पालिकाले म्यानुअलले गरेको व्यवस्था अनुसारको मापदण्ड बमोजिम कृषक छनौटको लागि सुचना प्रकाशन लगाएतको प्रक्रियबाट कृषक समूह छनौट गरि कंचन गहुँ (पकेट) विकास कार्यक्रममा रु.९९९५००.०, गहुँपकेट विकास कार्यक्रममा रु.९९९५००.० र बंगुरको साना व्यावसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रममा रु.१००००००.० समेत रु.२९९९०००.० भुक्तानी गरेको छ । खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन । जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन । अत कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६१ | १८४ | २०७८-२-३० | **करकट्टी**<br>कंचन गहुँ पकेट संचालक समितिले कार्यक्रम सञ्चालनको लागि रु.९९९५००.० भुक्तानी लिएकोमा पालिकालाई पेश गरेको विल भर्पाइमा सहजिकरण र अनुगमन भत्ता बापत रु.४०५०।– र बहाल कर बापत रु.४६५।– गरि रु.४४१५.० सम्बन्धित व्यक्तिबाट करकट्टी गरेकोमा उक्त कर बापतको रकम दाखिला गरेको भौचर पेश नभएकोले कर दाखिला भौचर पेश गर्नुपर्ने रु. | ४,४१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६२ | | | **विविध वाली प्रदर्शन कार्यक्रम**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा पालिकाले विभिन्न वालि उत्पादन तथा प्रदर्शन कार्यक्रम अन्तर्गत धान वालीमा रु.४५०००.०, काउली वालीमा रु.३८५००.०, ब्रोकाउली वालीमा रु.३८५००.०, गोलभेडा वालीमा रु.३००००.०, भेडे खुर्सानी वालीमा रु.३००००.०, खुर्सानी वालीमा रु.३००००.० गरि जम्मा रु.१७३५००.० खर्च गरेको छ । पालिकाले आफ्नै लगानी तथा जनशक्ति मार्फत यसरी नमुना वाली उत्पादनको कार्यक्रम संचालन गरेको छ । तर यसरी नमुना रुपमा उत्पादित वालिको कुनै अभिलेख पालिका संग छैन । नमुनाको रुपमा केकति वाली उत्पादन भयो, के कति विक्रि भयो, विक्रिबाट आम्दानी कति भयो त्यसको विवरण पालिकाले राखेको छैन । जसबाट पालिकाले आफैले तयार गरेको कार्यक्रम नै व्यावसायिक भएको देखिदैन । तसर्थ खर्च अनुसार के कति उत्पादन भयो र कृषिमा भएको प्रतिफल कस्तो हुने त्यसको विश्लेषणात्मक अभिलेख तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१४८९५००.० सुविधा वापत भुक्तानी भएको छ । | |

| क्र.सं. | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | गाउँ सभा सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | बैठकभत्ता | २४०००० | २४००० | २४००० | ३६००० | ३६००० | १४४००० |
| २. | यातायातखर्च | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३. | टेलिफोन, मोबाईल | ७२००० | ६०००० | ४२००० | ३६००० | २४००० | २३४००० |
| ४. | पुस्तक, पत्रपत्रिका, इन्टरनेट | ६०००० | ५४००० | ४८००० | ३६००० | २४००० | २२२००० |
| ५. | समन्वयतथा सहजीकरण | १०८००० | ८४००० | ७२००० | ६०००० | ३६००० | ३६०००० |
| ६. | अतिथिसत्कार | १२०००० | १०८००० | ८४००० | 0 | 0 | ३१२००० |
| ७. | खानेपानी, बिजुली, सरसफाई | ४२००० | ३६००० | २४००० | २४००० | १२००० | १३८००० |
| ८. | चाडपर्वखर्च | २५००० | २२५०० | १६००० | ९००० | ७००० | ७९५०० |
| | **जम्मा** | ४५१००० | ३८८५०० | ३१०००० | २०१००० | १३९००० | १४८९५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **वडा अध्यक्षलाई उपचार खर्च**<br>पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (क) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । पालिकाले वडा नं. ४ वडाध्यक्ष श्री गगन सिंह चौधरीलाई कोभिड-१९ संक्रमण भएको भनि ICU मा भर्ना गर्नु परेको उल्लेख गरी कार्यपालिकको निर्णय तथा हस्पिटलको विलको आधारमा रु.२०००००.० उपचार खर्च उपलब्ध गराएको छ । सेवा सुविधा सम्बन्धि ऐनमा उपचार सम्बन्धी व्यवस्था नभएको तर विमा सम्बन्धी व्यवस्था भएको र विमा पनि गरिसकेको तथा कोरोना विमा कार्यक्रम लागु भएको अवस्थामा विमा दावि गरि उपचार गराउनुपर्नेमा पालिकाबाट उपचार खर्च भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु. | २००,००० |
| ६५ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.७६८७५९०.० खर्च गरेको छ । जसमध्ये छैठौं र सातौं गाउँसभा, मासिक कार्यपालिका बैठक, दिवस कार्यक्रम, अतिथि सत्कारमा रु.६२६३०२.८ खर्च गरेको छ । | |
| ६६ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनु दान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ४८ जनालाई रु.५९६०००.० आर्थिक सहायता वितरण गरेका छन् । अन्य सामाजिक सहायता कार्यक्रम मार्फत पालिकाले अत्यावश्यक वाहेकलाई आर्थिक सहायता उपलब्ध गराएको केहि उदाहरण देहायबमोजिम छन् । यसरी वितरण गरिएको खर्चले वास्तविक सहायता प्राप्त गर्नुपर्नेले नगर्ने र खर्च रकम पनि तोकीएबमोजिम नहुने जोखिम देखिन्छ । अत आर्थिक सहायता वितरणको खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

| भौ.नं. र मिति | कार्यक्रम | भुक्तानी लिनेको नाम | वापत | रकम |
|---|---|---|---|---|
| ७८-६।२७ | अन्य सामाजिक सहायता | सशस्त्र प्रहरी वल सुरक्षा वेश क्याम्प डुडेझारी | दशै तिहार खर्च | १५०००.० |
| ७९-६।२७ | अन्य सामाजिक सहायता | सशस्त्र प्रहरी वल सुरक्षा वेश क्याम्प प्रतापपुर | दशै तिहार खर्च | १५०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ८०-६।२७ | अन्य सामाजिक सहायता | मोहन्याल युवा क्लव | भलिवल कार्यक्रम सञ्चालन | १५०००.० | |
| | | | १८५-८।७ | विविध खर्च | तरैयापुर अस्थायी प्रहरी चौकी | दशै खर्च | १९७३०.० | |
| | | | २१२-८।१४ | विविध खर्च | तरैयापुर अस्थायी प्रहरी चौकी | अन्य कार्यालय संचालन खर्च | १०६०९०.० | |
| | | | ३०८-९।३ | अन्य सामाजिक सहायता | नेपाल दलित मुक्ति अभियान | नखुलेको | १५०००.० | |
| | | | ३५७-९।२० | संचार महसुल | अमरावती प्रहरी चौकी | इन्टरनेट जडान | १६९२०.० | |
| | | | ३६३-९।२० | घरभाडा | अस्थायी प्रहरी चौकी तरैयापुर | घरभाडा भुक्तानी | ५४०००.० | |
| | | | ५९८-११।९ | अन्य सामाजिक सहायता | पदम प्रसाद काफ्ले | नखुलेको (सोझै निवेदनको आधारमा भुक्तानी) | २५०००.० | |
| | | | ६४९-११।२० | अन्य सामाजिक सहायता | प्रेस संगडन नेपाल | प्रदेश भेलाको लागि | १५०००.० | |
| | | | १०५-७।२ | विविध खर्च | इलाका प्रहरी कार्यालय | गेट निर्माण | १०१९७.० | |
| | | | १०९५-३।७ | घर भाडा | अस्थायी प्रहरी पोष्ट तोरैयापुर | घर भाडा | ८१०००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **पदाधिकारीलाई संचार खर्च**<br>पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (क) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्नेमा पालिकाले देहायबमोजिमको पदाधिकारीलाई ऐनमा व्यवस्था भए बमोजिमको सेवा सुविधा भुक्तानी गरिसकेको वडाध्यक्ष श्री झनक बहादुर वि.क. लाई रु.५०००.० र वडाध्यक्ष श्री खगेन्द्र भण्डारीलाई रु.२०००.० गरि रु.७०००.० थप संचार खर्च भुक्तानी गरेको देखिएकोले संचार खर्च वापतको रकम रु.७०००।- असुल गरि दाखिला गर्नुपर्ने रु. | ७,००० |
| ६८ | | | **प्रमाण पेश हुनुपर्ने**<br>गो भौ नं ३५, ३८ र ४६ सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ ।खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।पालिकाको कर्मचारीहरलाई कोरोना पोजेटिभ देखिएको अवस्थामा आईसोलेसन र खाना नास्ता वापत होटेललाई रु३८०६३०।– भुक्तानी गरेको पाइयो ।कुन कुन कर्मचारी कति कति दिन बसेको सो सम्बन्धि विवरण पेश भएको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसार बिल भरपाई पेश हुनुपर्ने रु | ३८०,६३० |
| ६९ | १२४ | २०७८-३-३० | **तलब**<br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ । गाउँपालिकाले एनेस्थेसियोलोजिष्ट डा सुबोध वाग्लेलाई प्रति महिना रु.३०००००। को दरले जेठ को २ दिन र आषाढको पुरै महिनाको गरि रु.३२००००। तलब वापत भुक्तानी गरेको पाइयो ।निजलाई भुक्तानी भएको तलब के को आधारमा भुक्तानी भएको सो सम्बन्धमा यकिन हुन नसकिएकोले उपरोक्त रकम बराबरको तलब पाउने प्रमाण पेश हुनु पर्ने रु | ३२०,००० |
| ७० | | | **शिर्षक फरक पारि खर्च**<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वियन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । विद्यालय निरिक्षक श्री धर्मानन्द कपाडी र प्रा.स. श्री शंकर प्रासद न्यौपानेको ३ महिनाको पारिश्रमिक समानिकरण तर्फबाट भुक्तानी हुनुपर्नेमा शसर्त तर्फबाट भुक्तानी भएकोले भुक्तानी रकम रु.२६४४८३.० संघिय संचितकोषमा सोधभर्ना हुनुपर्ने रु. | २६४,४८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | ३१ | २०७८-३-३० | **निजी स्रोत शिक्षकलाई अनुदान**<br>पालिकाले शसर्त अनुदान अन्तर्गतत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई प्रदेश राजश्व वाँडफाँडको रकमबाट पालिका भित्रका १० विद्यालयका १० शिक्षकको लागि वार्षिक रु.२४४८०००.० भुक्तानी गरेको छ । यसरी विगतमा आफ्नै स्रोतबाट रकम व्यवस्था गरि शिक्षण कार्य व्यवस्थापन गरिरहेका विद्यालयलाई थप प्रोत्साहन अनुदान उपलब्ध गराउँदा पालिका वर्षेनी व्ययभार थपिदै जाने तथा विद्यालय पनि पालिकामुखि भइरहनुपर्ने जोखिम रहने देखिन्छ । अत दरबन्दी मिलान गरि दिर्घकालिन रुपमा शिक्षक व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७२ | | | **एकमुष्ट अनुदानमा सञ्चालित विद्यालयलाई थप अनुदान**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत गरिएको वार्षिक एकमुष्ट अनुदानमा विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को बुँदा नं. ८ अनुसार यस्तो अनुदान प्राप्त गर्ने विद्यालयले दुइ शिक्षक, एक बाल विकास सहजकर्ता, एक विद्यालय सहयोगीको लागि पुग्ने वार्षिक पारिश्रमिक अनुदानमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयमा एकमुष्ट अनुदान उपलब्ध गराएकोमा कार्यविधि अनुसार विद्यालय १ जना बालविकास सहजर्ता र १ जना विद्यालय सहयोगीको व्यवस्था सोही अनुदान मार्फत विद्यालयले गर्नुपर्नेमा पुन पारिश्रमिक शिर्षकबाट अनुदान उपलब्ध गराएकोले दोहोरो भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु. | ४०९,५०० |

| विद्यालयको नाम | बालविकास सहजकर्ता पारिश्रमिक | विद्यालय सहयोगी | जम्मा दोहोरो रकम |
|---|---|---|---|
| मुक्त कमैया वाल संरक्षण आ.वि. | ७८०००.० | ५८५००.० | १३६५००.० |
| रुक्मणी आ.वि. | ७८०००.० | ५८५००.० | १३६५००.० |
| हिरा प्रा.वि. | ७८०००.० | ५८५००.० | १३६५००.० |
| जम्मा | | | ४०९५००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **विद्यालय भौतिक निर्माण अनुदान**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा नं. ८ मा भौतिक निर्माण सम्बन्धि कार्य सञ्चालन गर्दा भौतिक निर्माणको लागत अनुमान तयार गर्ने, विद्यालयसँग सम्झौता गर्ने, सोही वुँदा अनुसार तोकीए अनुसार किस्तामा रकम निकासा गर्ने तथा निर्माण सम्बन्धि सर्वेक्षण फाराम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गराइ स्थानीय तह र विद्यालयमा राख्नुपर्ने साथै भौतिक निर्माणको अन्तिम किस्ता भुक्तानी गर्दा नापी किताव भरेर मात्र दिनुपर्ने व्यवस्था छ । पालिकालाई विद्यालय प्रवलीकरण कार्यक्रमको लागि जनकल्याण आधारभुत विद्यालय लायकपूर छनौट भइ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट लागत अनुमान, ड्रइङ्ग, डिजाइन लगाए पठाइसकेकोमा अवस्थामा पालिकाले पुन नया लागत अनुमान तयार पारि विद्यालयलाई भुक्तानी गरेको छ । विभागले ओभरहेड सहित रु.१५००००००.० को लागत अनुमान स्वीकृत गरेकोमा उपभोक्ता समिति मार्फत कार्य गर्दा ओभरहेड वाहेकको रकम भुक्तानी गर्नुपर्नेमा लागत अनुमान परिवर्तन गरि सवै अनुदान रकम रु.१५००००००.० भुक्तानी गरेकोमा लेखापरिक्षणको क्रममा रु.३७१२२.० असुल भइ आएकोले बाँकी रकम रु.१४६२८७७.० लाई नियमित गर्नुपर्ने रु. | १,४६२,८७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **EMIS प्रविष्टि नगरी विद्यालयलाई अनुदान**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विद्यालयमा विद्यार्थी संख्याका आधारमा निकासा गर्ने सबै अनुदान उपलब्ध गराउँदा विद्यालयले प्रविष्ट गरेको EMIS तथ्यांकको आधारमा मात्र उपलब्ध गराउने उल्लेख छ । पालिकाले अरुणोदय मा.वि. र महेन्द्रशिशु मा.वि. लाई EMIS विवरण प्रविष्टि नै नगरी देहायबमोजिम रकम निकासा गरेको छ । EMIS विद्यार्थी विवरण नै प्रविष्ट नगरी विद्यालयले प्रमाणित गरेको र शिक्षा शाखाले विवरण सत्यापनको आधारमा रकम निकासा भएको छ । निर्देशिकाले निर्दिष्ट गरेबमोजिम EMIS विवरण अध्यावधिक गरेर मात्र अनुदान उपलब्ध गराउनु पर्दछ । | |

| कार्यक्रम | महेन्द्रशिशु मा.वि. | अरुणोदय मा.वि. |
|---|---|---|
| कोभिड-१९ को समयमा स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापन | ८९६००.० | १५२०००. |
| बुक कर्नर अनुदान | ७५७००.० | १५७९५०.० |
| निशुल्क पाठ्यपुस्तक अनुदान | २८८१३९.० | ४२८५७७.० |
| **CUG** सेवामा आवद्ध गर्न अनुदान | १४२५००.० | २४५२५०.० |
| छात्रावृत्ती | ५५४००.० | १०८८००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७५ | १९८ | २०७८-३-४ | **निःशुल्क पाठ्यपुस्त अनुदान**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा एकमुष्ट रु.४३६६९५४।–(EMIS अनुसार हुने रकमको ९७%) विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । विद्यार्थीको प्रमाणीत कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा गर्दा रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन हुन सकिदैन । | |
| ७६ | | | **CUG सेवामा आवद्ध भए नभएको एकिन नभएको**<br>कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको बुँदा नं.१.२ अनुसार पालिकाले ३३ विद्यालयका कक्षा १ देखि कक्षा १२ सम्मका ५३७२ जना विद्यार्थीको लागि मासिक रु.१२५ का दरले ३ महिनाको लागि जम्मा रु.२०१४५००.० रकम सम्बन्धित विद्यालयको खातामा रकम निकासा गरेको छ । उक्त रकम विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७ बमोजिमको क्रियकलापमा खर्च भए नभएको तथा सबै विद्यार्थी Closer User Group (CUG) सेवा मा आवद्ध भए नभएको सम्बन्धमा पालिका एकिन भएको देखिदैन । अत उक्त रकमबाट विद्यार्थीलाई CUG सञ्जालमा आवद्ध भएको कागजात पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु. | २,०१४,५०० |
| ७७ | | | **दिवा खाजा**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ७.१ अनुसार स्थानीय तहले दिवाखाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । पालिकाले जम्मा विद्यार्थी संख्याको आधारमा हाजिरि र उपस्थिति नै एकिन नगरी दुइ पटक गरी विद्यालयले पठाएको विद्यार्थी संख्या र हाजिरि दिनको विवरणको आधारमा ९१ दिनको बराबरको रु.५३८१६५५.० भुक्तानी गरेको छ । विद्यार्थी विद्यालयमा उपस्थित भए नभएको प्रमाण वेगर निकासा गएकोले विद्यार्थी हाजिरी रजिष्टरको प्रमाणीत प्रतिलिपीका आधारमा दिवा खाजा वापतको रकम निकासा हुनुपर्दछ । | |

| ७८ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सिचाइ कुलो मर्मत, माटो पटानी लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३२५ जनालाई रोजगारी उपलव्ध गराई रु. 99,84,822।- खर्च गरेको छ । लक्षित वर्गलाई १७ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः | |

| वडा नं. | कार्यक्रम/योजनासंचालन | रोजगार संख्या | कुल खर्च रकम | रोजगारीमा भएकोखर्च | औषत रोजगार दिन |
|---|---|---|---|---|---|
| १ | बाबुराम चौधरीको घर देखि जरही खोला ३ नं. को सिमाना सम्म बाटो सिमाङ्कन र माटो पटानी | १० | २६८८४०.० | २६८८४०.० | ५२ |
| १ | कुलासिंह वम र हेम बहादुर वमको घर देखि भित्र जाने बाटो सिमाङ्कन र स्तर उन्नती | १३ | १९३८७५.० | १९३८७५.० | २८.८ |
| १ | झप्ती टोलमा नयाँ बाटो सिमाङ्कन र माटो पटानी | १० | ११८९१०.० | ११८९१०.० | २३ |
| २ | वडा नं. २ र ४ को सिमाना देखि कटघर सम्म नयाँ बाटो विस्तार | १६ | ३०६०६४.० | ३०६०६४.० | ३७ |
| २ | खानेपानी पाईप लाईनविस्तार | ४५ | २३२६५००.० | २३२६५००.० | १०० |
| ३ | मंगल साउदको घर देखि ओलीको घर सम्म नाली निकास गर्ने कार्य | २० | ५१७०००.० | ५१७०००.० | ५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | गिर्धरपुर पिपल चोक देखि कुलरियाको कुला सम्म सडक निर्माण | १३ | २०८३५१.० | २०८३५१.० | ३१ | | |
| | | | | ४ | मुनुवाखानेपानी तथा सरसफाई पाईप लाईन जडान | २० | ७७५५००.० | ७७५५००.० | ७५ | | |
| | | | | ५ | बमबहादुर थारुको घर देखि नम्की कुला विचबाट फरेन्डा सम्म नयाँ बाटो विस्तार | १६ | ५२११३६.० | ५२११३६.० | ६३ | | |
| | | | | ५ | वनसिंह महत्तौको घर देखि राष्ट्रिय मा. वि. जाने बाटो निर्माण | २४ | ४२१८७२.० | ४२१८७२.० | ३४ | | |
| | | | | ६ | मायाचौधरीको घर देखि गम्भिर वि.क. को घर लगायत धर्मापुर जाने बाटो निर्माण | ११ | ९४०९४.० | ९४०९४.० | १६.५ | | |
| | | | | ७ | जानकी ७ भुर्सा सिचाई योजना मुल कुला मुहान देखि पुछार सम्म दुवै छेउमा बाटो निर्माण | १८ | ५९५५८५.० | ५९५५८५.० | ६४ | | |
| | | | | ७ | जानकी ७ बरका कुलामा मुहान देखि पुछार सम्म दुवै छेउमा बाटो निर्माण | १८ | ५९५५८४.० | ५९५५८४.० | ६४ | | |
| | | | | ७ | मुनुवामोतिनगर खानेपानी उपभोक्ता समितिको पाइपलाईन विस्तार | ६३ | १४३८८११.० | १४३८८११.० | ४४.२ | | |
| | | | | ८ | जानकी ८ अथरैया कुला देखि मोतिराम चौधरीको जग्गा सम्म कृषि बाटो निर्माण | २३ | २०२१४७.० | २०२१४७.० | १७ | | |
| | | | | ८ | अथरैया कुला विस्तार | २१ | ६५१४२०.० | ६५१४२०.० | ६० | | |
| | | | | ८ | बुढीकुला विस्तार | २३ | ३९२४०३.० | ३९२४०३.० | ३३ | | |
| | | | | ९ | जानकी ९ मुर्तिया चौराहा देखि पारि मुर्तिया जोडने बाटोमा माटो पटानी तथा बाटो निर्माण | २३ | ३५६७३०.० | ३५६७३०.० | ३० | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आयोजना संख्या १८** \| **३२५** \| **९९८४८२२.०** \| **९९८४८२२.०** \| **५९.४२** | |
| ७९ | ३१७ | २०७८-३-२५ | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ७ अनुसार स्थानीय तहको प्राविधिकबाट अनुसुचि ३ बमोजिमको प्रतिवेदन पेश भइ स्थानीय तहले प्रमाणित गरेपछि मात्र निर्माण कार्य सम्पन्न भएको मानिने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा यस कार्यक्रमको लागि १३९ लाभग्राहि छनौट गरी जनहि रु.३० हजारको दरले रु.४१७००००.० रकम भुक्तानी भएको छ । उक्त रकमबाट लाभग्राहीले तोकीए बमोजिम आवास निर्माण गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन र प्राविधिक नापजाँच भएको छैन । लेखापरीक्षणको अवधिसम्म पालिकाले दोस्रो किस्ता वापतको रकम निकासा गरेको छैन । अतः प्रथम किस्ता वापतको रकम तोकीएबमोजिम खर्च भए नभएको एकिन गरि दोस्रो किस्ता निकासा गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८० | | | **बिबिध कार्यतर्फ** | |
| ८०.१ | | | **डीपीआर खर्च** – सार्वजनिक खरिद नियमाली २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने र बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले यो बर्ष सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको देखिन्छ । | |

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| जानकी ५ सडक डिपि आर | सिभिल बक्स इन्जनिरिङ | ४९९८१८ | ४९८८१८ | ल.ई.५५००००० भएकोमा आर. एस नि.से.ले २८२४२०३ कबोल गरी सम्झौता गरेको छ । |
| वडा न.१कार्याल भवन डिपिआर | नोडल इन्जनिरिङ | ३९८३२५ | ३९८३२५ | ल.ई.१५३७२९९५भएकोमा बजरङ नि.से.ले ७७२०६४१ कबोल गरी सम्झौता गरेको छ |
| वडा न.३कार्याल भवन डिपिआर | टपकम | ३९८४३८ | ३९८४३८ | ल.ई.१५०१०६४२भएकोमा बजरङ नि.से.ले ७७४७३७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | इन्जनिरिङ | | | कबोल गरी सम्झौता गरेको छ | |
| | | | वडा न.३कार्याल भवन डिपिआर | पि.जी इन्जनिरिङप्रा लि | ३९८५५१ | ३९८५५१ | ल.ई. १३१५०३०२ भएकोमा बजरङ नि.से.ले कबोल गरी ७६९७०६४ सम्झौता गरेको छ | |
| | | | सेती लाकमार्ग देखि कंचनपुर सडक डिपिआर | युनिक ग्लोबल इ प्रा लि | १८५०९४ | १८५०९४ | ल.ई. ५५९६०५७ भएकोमा जे.पी.बर्दश नि.से.ले २६२१५९२ कबोल गरी सम्झौता गरेको छ | |
| | | | वडान. १ देखि ३ जोडने सडक | प्रशान्त ई सोलुशन | ४९९४७४ | ४९४४८८ | ल.ई.४९९४६२५भएकोमा समिस नि.से.ले ४१५२८३० कबोल गरी सम्झौता गरेको छ | |
| | | | | **जम्मा** | | **२७७२०३९** | | |
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु आंशिक मात्र कार्यान्वयनमा गएको समेत देखिएकोले खर्चको सार्थकता समेत देखिएन । | | | | | |
| ८०.२ | | | **प्रस्ताव मुल्याङ्कन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङकन गर्दा मुल्यांकन समितिका प्रत्येक सदस्यले छुटटाछुटै मुल्याङकन गरी प्रस्तावदाताले पाप्त गरेको अकं एकिन गर्नु पर्नेछ र त्यसरी पाप्त गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक पाप्त गर्ने प्रस्तावदाताको सुची तयार गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिकाले सो नगरी सयुक्त रुपमा ६ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समापेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्याकंन गरी निधारण गरेको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको पर्स्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.३ | | | **खर्च प्रमाणित:** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न कार्यक्रमको लागी समान खरिद र बितरण गर्दा प्रस्ताव लेखन र अनुगमन भनी भुक्तानी लेखेको रू ३४०००।००नियम संगत नदेखिएकोले असुल गरी गाउपालिका कोषमा दाखिला गर्नु पर्ने देखिएको रू ... | ३४,००० |

| भौचर न. | कामको नाम | भुक्तानी कार्यको ब्यहोरा | संख्या | रकम |
|---|---|---|---|---|
| ३१८।२०७८।२।३१ | ६जनालँई मोटर बितरण वडा न ९ | १० जनाले अनुगमन गरेको | ८ | ८००० |
| ३२१।२०७८।३।७ | ७ जनालाई बोरीङ बितरण वडान ८ | १० जनाले अनुगमन गरेको | १० | १०००० |
| ३२६।२०७८।३।७ | २७९७५को औषधी बितरण | १० जनाले अनुगमन गरेको | ९ | ९००० |
| ४७०।२०७८३।२५ | ७ वटा मोबाइल खरिद वडान ८ | प्रस्ताव लेखेको | १ | १००० |
| ४८७।२०७८३।२७ | मोटर खरिद | ६ जना अनुगमन | ६ | ६००० |
| | | जम्मा | | ३४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.४ | | | **अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि ताथ बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को -१ अनुसार स्वीकृत बजेट रकम गाउपालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । गाउपालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले निम्न अन्य संस्थाको भवन निमार्णमा गरी भुक्तानी गरेको रकम नियमसम्मत भन्न सकिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमाको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नु पर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ | |

| भौचर न | संस्थाको नाम | रकम |
|---|---|---|
| ८५।२०७७।३।२२ | ईलाका प्रहरी कार्यालय टिकापुरको भान्सा घर निर्माण | ४७१५७९।०० |
| २४२।२०७८।१।११० | ईलाका प्रहरी कार्यालय टिकापुरको भान्सा घर निर्माण | २४९२०६।२५ |
| ४३०।२०७८।३।२२ | बिरेन्द्र बिधा मन्दिर टिकापुरका लागी फनिचर खरिद | ४९४३७५।०० |
| ६३।२०७७।८।१९ | मालपोत कार्यालय मालपोत कैलालीको लागी संचार सेट खरिद,दाखिला प्रमाण पेश नभएएको | ३१५७५।०० |
| १७२।२०११।१८ | मालपोत कार्यालय कैलालीको लागी सामसुङ टयाप खरिद,दाखिला प्रमाण पेश नभएएको | ९२७३४।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.५ | | | | |
| ८१ | ३० | २०७८-२-१८ | **प्रमाण पेश हुनुपर्ने**<br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ । गाँउपालिकाले राष्ट्रिय सहकारी महासंघ ललितपुरले आयोजना गरेको तालिममा सहभागि हुन सहायक चौथो राम प्रसाद चौधरीलाई रु.२०००००। भुक्तानी गरेकोमा संघले तालिममा सहभागिताको लागि चिठ्ठी पठाएको तथा सहभागि शुल्क वापत ७ जनाको रु५२५००। भुक्तानी भएकोमा प्रति जना कति शुल्क लाग्ने सम्बन्धमा यकिन हुन सकिएन ।सो सम्बन्धि प्रमाण पेश हुनुपर्ने अन्यथा प्रमाण पेश हुनुपर्ने रु | २००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | १५ | २०७७-१०-२७ | **बढी भुक्तानी**<br>गाउँपालिका र पहुँच विहिनहरुका लागि सामाजिक उत्थान केन्द्र (एक्सेस नेपाल) बिच मिति २०७६।८।११ मा डकर्मी तालिम कार्यक्रम २५ जनालाई तालिम दिनको लागि रु.२९५०००। मा संझौता भएको पाइयो ।आ व २०७६।७७ मा तालिम कार्यक्रम संचालन नभई आ.व. २०७७।०७८ मा तालिम भएकोमा २० जनालाई मात्र तालिम दिएको पाइयो । प्रति प्रशिक्षार्थी रु.११८००। को दरले कम प्रशिक्षार्थी ५ जना वापतको रकम रु५९०००। पनि भुक्तानी भएको देखियो । संझौता विपरीत कम प्रशिक्षार्थीलाई तालिम दिई बढीको भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु५९०००।असुल हुनुपर्ने रु | ५९,००० |
| ८३ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ बमोजिम एक लाख रुपैया भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले Hair Cutting Trainning लागि टिकापुर टेक्निकल इन्ष्टिच्यूट प्रा लि लाई रु१५००००।भुक्तानी भएकोमा लागत अनुमान नै बनाई भुक्तानी भएको देखियो । पालिकाले तालिम दिने प्रशिक्षार्थिक कसरी छनौट गरेको तथा तालिम लिएका प्रशिक्षार्थि तालिमबाट उपलब्धि भए नभएको मापन गरेको देखिएन ।ऐनमा भएको व्यवस्था विपरीत भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु | १५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | ३८ | २०७८-३-१५ | **प्रशिक्षक भत्ता**<br>अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को ७.१.१५ को ४ (क) बमोजिम अधिकृतस्तरको तालिममा प्रशिक्षकलाई प्रति सेसन कार्यपत्र सहित रु.१४००। को दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले लोकसेवाको कक्षा संचालनमा प्रशिक्षकलाई रु.२५००। को दरले भुक्तानी गरेको पाइयो । निर्देशिका विपरीत भुक्तानी भएको बढी रकम रु. १०४४१०।देहायको प्रशिक्षकबाट असुल हुनुपर्ने रु | १०४,४१० |

| प्रशिक्षक | सेसन | कर कट्टी गरि भुक्तानी दिनुपर्ने रकम | कर कट्टी गरि भुक्तानी भएको रकम | बढि रकम |
|---|---|---|---|---|
| श्री सुरेश कुमार कठरिया | ५२ | ६१८८० | ११३१०० | ५१२२० |
| श्री झनक राज ओझा | ४२ | ४९९८० | ९१३५० | ४१३७० |
| श्री झपी राज ओझा | १२ | १४२८० | २६१०० | ११८२० |
| जम्मा | | | | १०४४१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **प्रशिक्षक भत्ता**<br>अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को ७.१.१५ को ४ (क) बमोजिम अधिकृतस्तरको तालिममा प्रशिक्षकलाई प्रति सेसन कार्यपत्र सहित रु.१४००। को दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायको तालिम तथा कार्यक्रममा प्रशिक्षकलाई रु.३४००। को दरले भुक्तानी भएको पाइयो । निर्देशिका विपरीत भुक्तानी भएको बढी रकम रु.९२८२०।देहायको प्रशिक्षकबाट असुल हुनुपर्ने रु | ९२,८२० |

| गो भौ नं मिति | तालिम/कार्यक्रम | प्रशिक्षक | सेसन | कर कट्टी गरि भुक्तानी दिनुपर्ने रकम | कर कट्टी गरि भुक्तानी भएको रकम | बढि रकम |
|---|---|---|---|---|---|---|
| ३-२०७७। ८।२४ | मेलमिलाप सम्बन्धि तालिम | रोहित देउवा | १० | ११९०० | २८९०० | १७००० |
| | | गणेश कडायत | १० | ११९०० | २८९०० | १७००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६-२०७८।१।१५ | न्यायिक समिति | गणेश कडायत | ८ | ९५२० | २३१२० | १३६०० | |
| | | | | | गोमा आचार्य | ८ | ९५२० | २३१२० | १३६०० | |
| | | | १४-२०७८।३।२५ | न्यायिक समिति र मेलमिलाप सम्बन्धि सचेतना कार्यक्रम | गणेश कडायत | ६ | ७१४० | १७३४० | १०२०० | |
| | | | | | खेम बहादुर कठरिया (१६०० को दरले) | ६ | ७१४० | ८१६० | १०२० | |
| | | | १६-२०७८।३।२७ | न्यायिक समिति | रोहित देउवा | ४ | ४७६० | ११५६० | ६८०० | |
| | | | | | गणेश कडायत | ४ | ४७६० | ११५६० | ६८०० | |
| | | | १९-२०७८।३।२९ | पिडित र सरोकारबाला बिच कानून सम्बन्धि अभिमुखिकरण कार्यक्रम | रोहित देउवा | २ | २३८० | ५७८० | ३४०० | |
| | | | | | गणेश कडायत | २ | २३८० | ५७८० | ३४०० | |
| | | | | जम्मा | | | | | ९२८२० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८६</td><td>१५</td><td>२०७७-१०-२७</td><td>नन्फाइलर<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.३३९३८। समेत रु.२९५०००। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि फर्मले कर विवरण नबुझाई ननफाईलर रहेको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>१५-१०। २७</td><td>पहुँच विहिनहरुका लागि सामाजिक उत्थान केन्द्र नेपाल</td><td>६००७७३४१४</td><td>२९५०००</td><td>३३९३८</td><td>२०७७।७८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२९५०००</td><td>३३९३८</td><td></td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३३,९३८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **वितरणमुखि कार्यक्रम**<br>गाउँपालिकाले अनुदानको कार्यक्रम संचालन गर्दा कार्यविधि बनाई संचालन गर्नुपर्दछ । पालिकाले कार्यक्रम सञ्चालनका लागि आवश्यक नियम, कार्यविधि निर्माण, लाभग्राहीको संख्या पहिचान तथा मापदण्ड तयार गरी अनुदान वितरण गरेको छैन्। साथै कार्यक्रम सञ्चालन पश्चात्त सोको अनुगमन, उपलब्धि प्रगति विवरण समेत संलग्न गरेको देखिएन । यस्ता प्रकृतिका योजना छनौट गर्दा मापदण्ड तयार गरी परीणाममुखी र उपलब्धी मापनयोग्य कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान जानु पर्दछ ।पालिकाले पशु तर्फको कार्यक्रम अन्तर्गत देहायको वितरणमुखि कार्यक्रम गरेको देखियो । | |

| भौ.नंरमिति | कार्यक्रम | भुक्तानी |
|---|---|---|
| ६-२०७७/७/४ | पशुजन्य ओषधि वितरण | ४९९९६ |
| ८-२०७७/७/४ | घासको बिउ | ९८८९० |
| ३२-२०७७/१२/९ | घासको बिउ | ८६२०० |
| ४५-२०७८/३/१३ | नेपियर सेट्स | १२००० |
| ५०-२०७८/३/३० | स्थानीय पोथि कुखुरा | ३९६२०० |
| ५२-207८/३/३० | स्थानीय भाले कुखुरा | १९८१०० |
| | जम्मा | ८४१३८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **महोत्सव तथा अन्य खर्च**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३५६०७५।- खर्च गरेको छ । यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९ | | | | २३७६१४ |

**श्रोतमा कर कट्टी**

आय कर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई परामर्शको सेवा गरे बापत मू.अ.कर दर्ता नभएको फर्मलाई १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देहायका संस्थाले देहाय बमोजिम तालिम, खेलकुद लगायतको कार्यक्रम सञ्चालन गरेकोमा बिल जारी नगर्नुका साथै अग्रिम कर समेत कट्टी गरेको न देखिएकोले उक्त संस्थालाई ऐन अनुसार हुने अग्रिम कर १५ प्रतिशतको दरले रु.२३७६१४। असूल गरी सङ्घीय राजश्व खातामा दाखिला हुनुपर्ने रु.

| भौ.न.र मिति | परामर्शदाताको नाम | प्रयोजन | भुक्तानी रकम | कर कट्टी हुनुपर्ने | कर कट्टा भएको | छुट कर रकम रु. |
|---|---|---|---|---|---|---|
| २०-२०७७।१२।६ | जय केदार ग्रामिण युवा स्वलम्बन दुर्गौली | कार्यक्रम संचालन | २००००० | ३०००० | २९६६ | २७०३४ |
| २७-२०७७।१।१४ | ग्रामिण विकास समाज कैलाली | कार्यक्रम संचालन | १५०००० | २२५०० | ६८०८ | १५६९२ |
| ३२-२०७८।३।१३ | टिकापुर टेक्निकल इन्ष्टिच्यूट प्रा लि | Hair Cutting Trainning | १५०००० | २२५०० | ९५५५ | १२९४५ |
| ३४-२०७७।३।१३ | सामाजिक शैक्षिक संरक्षण तथा वातावरणीय विकास | दलित वर्गहरुलाई जनचेतनामुलक कार्यक्रम | ७५००० | ११२५० | ६०८१ | ५१६९ |
| ३५-२०७७।३।१३ | नेपाल आदिवासी उत्थान समाज कैलाली | मुक्त कमलरीहरुलाई जनचेतनामुलक कार्यक्रम | ९५००० | १४२५० | ३३४७ | १०९०३ |
| ३६-२०७७।३।१४ | | अल्पसंख्यक पिछडावर्ग सचेतनामूलक कार्यक्रम | ४८६०० | ७२९० | ३२८४ | ४००६ |
| ३७-२०७७। | | कार्यक्रम | १४५००० | २१७५० | ७०५५ | १४६९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३।१४ | | | | | | | |
| | | | ३८-२०७७।३।१५ | उद्यमि विकास प्राविधिक शिक्षालय तथा परामर्श केन्द्र जानकी | लोकसेवा तयारी कक्षा | ३९९५०० | ५९९२५ | ४३३७० | १६५५५ | |
| | | | ३९-२०७७।३।१५ | मानव अधिकार सचेत तथा सामाजिक वकास केन्द्र टिकापुर | मुस्लिम वर्गहरुलाई सचेतनामूलक कार्यक्रम | ७४४०० | ४७७५ | १११६० | ६३८५ | |
| | | | ४२-२०७७।३।२१ | स्मार्ट ड्राइभिङ्ग सेन्टर कैलाली | कार ड्राइभिङ्ग तालिम | ३९९५०० | ५९९२५ | ५९९३ | ५३९३२ | |
| | | | ४५-२०७७।३।२५ | क्यामब्रिज कम्प्यूटर इन्स्टिच्यूट दुर्गौली | Computer Diploma Talim | ३९९५०० | ५९९२५ | ५९९३ | ५३९३२ | |
| | | | ४७-२०७७।३।२६ | सृजनशिल समाज नेपाल कैलाली | बालमैत्री स्थानीय शासन अभिमुखिकरण कार्यक्रम | १४६७०० | २२००५ | ५६४० | १६३६६ | |
| | | | | जम्मा | | | | | २३७६१४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | २९ | २०७८-३-३० | **आमाबुबा विहिन बालबालिकालाई वैकल्पिक हेरचाह कार्यक्रम**<br>आमाबुबा विहिन बालबालिका वैकल्पिक हेरचाह कार्यक्रमअनुसार आमा बुबा दुवैको मृत्यु भएको बालबालिकालाई प्रति महिना रु१०००। को दरले १२ महिनाको जम्मा रु१२०००। प्रति बालबालिका दिने व्यवस्था छ । गाउँपालिकाले सहायक महिला विकास निरीक्षक श्री यमुना विष्टलाई ८३ जना बालबालिकालाई प्रति जना रु१२०००।को दरले रु.९९६०००।आमाबुवा विहिन बालबालिकालाई वैकल्पिक हेरचाह कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्नको लागि भुक्तानी भएकोमा ९ जना बालबालिकाको केही प्रमाण नरहेको अर्थात आमाबुबामध्ये कसैको मृत्यु दर्ता प्रमाणपत्र नरहेकोले रु१२०००। दरले रु१०८०००।असुल हुनपर्दछ । सामाजिक विकास मन्त्रालय सुदूरपश्चिमको अन्तक्रियाबाट कार्यक्रमको मुख्य उद्वेशय आमाबुबा दुवै नभएको बालबालिकालाई सहयोग स्वरुप दिनु पर्ने भनेकोमा सो अनुसार पालिकाले वितरण गरेको देखिएन । जम्मा ६९ जना आमा बुबा मध्ये एक भएको बालबालिकाको मात्र विवरण पेश भएकोले बाँकी १४ जनाको रु१६८०००। प्रमाण पेश हुनुपर्ने अन्यथा भुक्तानी लिने मार्फत असुल हुनुपर्ने जम्मा रु | २७६,००० |
| ९१ | | | **सम्परीक्षणबाट कायम बेरुजु** | |
| ९१.१ | | | (क) MIS अभिलेखः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दफा ५ को खण्ड क जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक वर्षको लागि यस आ.व.मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एंव दफा ६ को उपदफा (१) को खण्ड क मा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व. मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि पुस मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था छ ।पालिकाले आ व २०७६।०७७ को वडा नं १,२,३ र ९ को सामाजिक सुरक्षाको भत्ताको बेरुजु सम्परीक्षणको लागि पेश गरेको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम गत आ व २०७६।७७ को MIS विवरण पेश नगरेकोले संसोधित MIS विवरणको आधारमा श्रेस्ता परीक्षण गरिएकोले सम्पूर्ण लाभग्राहीहरुको यथार्थ अभिलेख हो सम्बन्धमा यकिन हुन सकिएन ।<br><br>(ख) मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा कट्टा गरेको देखिएन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१.२ | | | **दोहोरो सरकारी सुविधाः** सामाजकि सुरक्षा ऐन २०७५ को दफा १५ बमोजिम कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुवधा पाइरहेको व्यक्ति सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ । पालिकाको आ व २०७६।०७७ को सामाजिक सुरक्षा भत्ताको परीक्षण गर्दा पालिकामा देहायको व्यक्ति जनप्रतिनिधि रहेको छ ।जनप्रतिनिधिलाई सामाजिक सुरक्षा भत्ता पनि भुक्तानी गरेको पाइयो ।ऐन विपरीत दोहोरो सुविधा भुक्तानी भएकोले सम्बन्धितबाट रु८०००। असुल हुनुपर्ने । गत विगतमा पनि भुक्तानी भएको सम्बनधमा यकिन गरी गरी भुक्तानी भएको भए असुल हुनुपर्ने अन्याथ प्रमाण पेश हुनुपर्ने रु | ८,००० |

| नाम | विवरण | ना प्र नं | दर | रकम | चौमासिक |
|---|---|---|---|---|---|
| सरस्वती भुल | वडा सदस्य जानकी गाउँपालिका | ६७२०४१।२३९२ | ८००० | ८००० | तेश्रो |
| | जम्मा | | | ८००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१.३ | | | **अयोग्यलाई भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा (४०) अनुरुप नेपालभरीका दलित र साविक कर्णाली अञ्चालनमा नवजात शिशुको जन्म भएको मितिले ३५ दिनभित्र जन्मदर्ता गर्न आउने परिवारलाई प्रोत्साहन स्वरुप रु१०००। भत्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाको ९ नं वडाले कार्यविधिमा तोकिएको वर्ग भन्दा अन्य वर्ग युनिशा विष्टलाई रु१०००। जन्मदर्ता प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइयो । कार्यविधि विपरीतको वर्गलाई भुक्तानी भएको रकम रु१०००। असुल हुनुपर्ने रु | १,००० |
| ९१.४ | | | **निकासा र फिर्ता रकमः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५(४) बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा फ्रिज भई संघीय कोषमा दाखिला हुनुपर्ने व्यवस्था छ ।गाउँपालिकाको सामाजिक सुरक्षा अन्तर्गत वडा नं ९ को आ व २०७६।०७७ को तेश्रो चौमासिकको पेश्की रु८३११४००। रहेकोमा रु८०४०८००। पेश्की फछर्यौट गरी बाँकी रहेको रु२७०६००। मध्ये रु१५४८००। मात्र फिर्ता गरेकोले बाँकी रहेको रु११५८००।वडा सचिवको नाममा मौज्दात रहेको देखियो ।उक्त रकम रु११५८००। संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु | ११५,८०० |
| ९१.५ | | | **एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा | ८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाभग्राहीको प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । हाते वितरणबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडाले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार गाउँपालिकामा तेश्रो चौमासिकमा एउटै नागरिकता नम्बरबाट फरक फरक नाम भएका निम्न व्यक्तिलाई भत्ता भुक्तानी भएको छ । वास्तविक व्यक्ति पहिचान गरी एउटै व्यक्तिलाई भुक्तानी भएको भए रु.८००००। असुल हुनुपर्ने अन्यथा प्रमाण पेश हुनुपर्ने रु | |

| **नाम थर** | **वडा नं.** | **ना.प्र.नं.** | **भत्ताको किसिम** | **भत्ता रकम** | **बेरुजु रकम** |
|---|---|---|---|---|---|
| नवराज सिंह साउद | ९ | ६९१०३९।१४५२६ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | १२००० |
| नवराज सिंह रावल | ९ | ६९१०३९।१४५२६ | | १२००० | |
| श्रीमती मैसरा कामी | ९ | १८४२ | जेष्ठ नागरिक भत्ता (दलित) | ८००० | ८००० |
| सरु देवी सुनार | ९ | १८४२ | | ८००० | |
| गोब्रेकामी | ९ | ३११९ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | १२००० |
| चन्द्रेदमाई | ९ | ३११९ | जेष्ठ नागरिक भत्ता (दलित) | ८००० | |
| धाँरेहुड्के | ९ | ५३९२ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | १२००० |
| पत्निथारु | ९ | ५३९२ | | १२००० | |
| नवराज रावल | ९ | ६९१०३९।१४५२६ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | १२००० |
| नवराजसिंह रावल | ९ | ६९१०३९।१४५२६ | | १२००० | |
| हिरादेवी ओड | ९ | १५९२ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | १२००० |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अमृतादेवी सार्की | ९ | १५९२ | जेष्ठ नागरिक भत्ता (दलित) | ८००० | | | |
| | | | | कल्लु राम ड० थारु | १ | २९९७०८८७ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | १२००० | | |
| | | | | मन बुझााउनी ड० थरुनी | १ | २९९७०८८७ | | १२००० | | | |
| | | | | जम्मा | | | | | ८०००० | | |
| ९२ | | | **सम्परीक्षणबाट कायम बेरुजु** | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२.१ | | | **एम. आई. एस. मा इन्ट्री भएको लाभग्राही भन्दा बढीलाई भत्ता भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ५ बमोजिम आगामी आ. व. मा भत्ता पाउने प्रयोजनको लागि एम. आई. एस. प्रणालीमा इन्ट्री गर्ने अन्तिम मिति जेष्ठ नागरिकको हकमा चालु आ. व. को माघ १५ गते सम्म अन्य लाभग्राहीको हकमा निवदेन प्राप्त भएकै चौमासिकमा एम. आई. एस. प्रणालीमा इन्ट्री गर्नुपर्ने एवं जेष्ठ नागरिकको हकमा माघ मसान्तभित्र र अन्य लाभग्राहिहरुको हकमा निवेदन प्राप्त भएकै चौमासिकमा नाम दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको देहायको वडा नं को वितरण भरपाई परीक्षण गर्दा एम आई एस नाम भन्दा बढी व्यक्तिलाई भत्ता वितरण गरेको देखियो । एम. आई. एस. मा नाम नभएका तेश्रो चौमासिकमा व्यक्तिलाई भुक्तानी भएको भत्ता रु. १०९६००। असुल हुनुपर्ने रु | १०९,६०० |

| वडा नं | भत्ताको प्रकार | एम. आई. एस. मा भएको संख्या | वितरण भरपाई | बढी | दर | रकम |
|---|---|---|---|---|---|---|
| ९ | जेष्ठ नागरिक भत्ता दलित | ११८ | ११९ | १ | ८००० | ८००० |
| ९ | दलित बालबालिका | २६८ | २६९ | १ | १६०० | १६०० |
| ९ | विधवा | १५७ | १६३ | ६ | ८००० | ४८००० |
| १ | विधवा | ७६ | ८१ | ५ | ८००० | ४०००० |
| २ | जेष्ठा नागरिक भत्ता ७० भन्दा माथि | २३० | २२९ | १ | १२००० | १२००० |
| | जम्मा | | | | | १०९६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२.२ | | | **जन्मदर्ता प्रोत्साहन भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा (४०) अनुरुप नेपालभरीका दलित र साविक कर्णाली अञ्चालनमा नवजात शिशुको जन्म भएको मितिले ३५ दिनभित्र जन्मदर्ता गर्न आउने परिवारलाई प्रोत्साहन स्वरुप रु१०००। भत्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाको वडा नं ९ ले जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराउने लक्षित वर्गलाई प्रति नवजात शिशुको रु१००० को दरले २४ जनालाई रु२४०००। भत्ता भुक्तानी गरेकोमा सो शिशुको जन्म भएको ३५ दिन भित्र जन्मदर्ता गराएको वा अन्य भत्ता भुक्तानी हुने प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु | २४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **मृत्यु पश्चातको समेत भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ बमोजिम दफा १६(ख) बमोजिम भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था छ । वडा नं ९ को सम्परीक्षणमा सामाजिक सुरक्षा भत्ता वितरणमा लाभग्राहीको मृत्यु पश्चात पाउनु पर्ने अवधिको रकम भन्दा देहायको व्यक्तिलाई बढि रकम गएको देखिन्छ ।कार्यविधि विपरीत बढी भुक्तानी भएको रकम रु.८००००। असुल हुनुपर्ने गत विगतमा पनि भुक्तानी हुन सक्ने सम्बन्धमा छानविन गरी असुल हुनुपर्ने रु | ८०,००० |

| लाभग्राहीको नाम | ना प्र नं | भत्ताको प्रकार | मृत्यु भएको मिति | दर | पाउनु पर्ने रकम | भुक्तानी रकम | बढि रकम |
|---|---|---|---|---|---|---|---|
| नन्दे कामी | २९९७५५६४ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २०७५।९।२८ | १२००० | ० | १२००० | १२००० |
| नवलसिंहकामी | ५।५७३८।२४५४ | | २०७४।११।२७ | १२००० | ० | १२००० | १२००० |
| कलसी कामी ताम्राकार | ६७२०३७।३६६ | | २०७४।१२।३० | १२००० | ० | १२००० | १२००० |
| लोगे सुनार | ५८३१ | | २०७५।८।८ | १२००० | ० | १२००० | १२००० |
| विष्णादेवीरावल | १७६२७ | | २०७६।३।६ | १२००० | ० | १२००० | १२००० |
| सोनीयादेवीकठरिया | ६७२०४४।१३९२८ | | २०७५।३।२९ | १२००० | ० | १२००० | १२००० |
| लालबहादुरकडारा | ५।५३४२।१८८२ | जेष्ठ नागरिक दलित | २०७६।१०।५ | ८००० | ० | ८००० | ८००० |
| | जम्मा | | | | | | ८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐनस्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B) | गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| १५२९७३ | २३५८२ | १२९३९१ |

यस वर्ष सम्परीक्षणको लागि पेश भएको बेरुजुमध्ये देहायबमोजिमको बेरुजु सम्परिक्षण भएको छ ।

| सि.नं. | आ.व. | बेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटकोआधार | सम्परीक्षणरकम |
|---|---|---|---|---|---|
| १ | २०७६।७७ | ५४ | शाही कन्ष्ट्रक्सन प्रा.ली. बढी भुक्तानी रकम असुल गर्नुपर्ने | असुल दाखिला भइ आएको | ८८८१.० |
| २ | | ७६(२१ देखि २९ सम्म) | वडा नं. ९ वडा सचिव प्रेम बहादुर वढाको नाममा रहेको सामाजिक सुरक्षा पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्यौंट गरि कागजात पेश भएको | ८३११४००.० |
| ३ | | ७६(३० देखि ३७ सम्म) | वडा नं. १ वडा सचिव पुरन बहादुर कठरियाको नाममा रहेको सामाजिक सुरक्षा पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्यौंट गरि कागजात पेश भएको | ३५४३६००.० |
| ४ | | ७६(३८ देखि ४४ सम्म) | वडा नं. २ वडा सचिव रेनुका उपाध्याय नाममा रहेको सामाजिक सुरक्षा पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्यौंट गरि कागजात पेश भएको | ४०७१६००.० |
| ५ | | ७६(४५ देखि ५१ सम्म) | वडा नं. ३ वडा सचिव गणेश बहादुर थापाको नाममा रहेको सामाजिक सुरक्षा पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्यौंट गरि कागजात पेश भएको | ४७६६८००.० |
| ६ | २०७६।७७ | ७६ (१) | पहुँचविहिनहरुकालागिसामाजिकउत्थानकेन्द्र (एक्सेस) नेपालपेश्कीबाँकी | पालिकाबाट पेश्की फछ्यौंट गरि कागजात पेश भएको | २०००००.० |
| ७ | | ७६ (२) | टिकापुरपोलीटेक्निकलइन्ष्टीच्युटप्रा.ली. हेयरकटिङ्गतालिमपेश्कीबाँकी | पालिकाबाट पेश्की फछ्यौंट गरि कागजात पेश भएको | १५००००.० |
| ८ | | ७६(१२) | उद्यमी विकास प्राविधिक शिक्षालय तथा परामर्श केन्द्र पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्यौंट गरि कागजात पेश भएको | ३०००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | | ७६(१५) | सामाजिक शैक्षिक संरक्षण तथा वातावरणीय विकास पेश्की वाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरिकागजात पेश भएको | ३००००.० | |
| | | | | १० | | ७६(१४) | मानव अधिकार सचेत तथा सामाजिक विकास केन्द्र(हुराड्स) टिकापुर पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरि कागजात पेश भएको | ५००००.० | |
| | | | | ११ | | ७६(१८) | नेपाल आदिवासी उत्थान समाज पेश्की वाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरि कागजात पेश भएको | ३८०००.० | |
| | | | | १२ | | ७६(१६) | नेपाल आदिबासी उत्थान समाज पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरि कागजात पेश भएको | १९४४०.० | |
| | | | | १३ | | ७६(१७) | नेपाल आदिबासी उत्थान समाज पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरि कागजात पेश भएको | ५८०००.० | |
| | | | | १४ | | ७६(११) | मानव अधिकार सचेत तथा सामाजिक विकास केन्द्र (हुराड्स) टिकापुर पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरि कागजात पेश भएको | ७५०००.० | |
| | | | | १५ | | ७६(९) | श्री साई कन्स्ट्रक्सन टिकापुर पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरि कागजात पेश भएको | ३०००००.० | |
| | | | | १६ | | ७६(१०) | श्री साई कन्स्ट्रक्सन टिकापुर पेश्की बाँकी | पालिकाबाट पेश्की फछ्र्यौट गरि कागजात पेश भएको | ३३३६०८.० | |
| | | | | १७ | २०७६। ७७ | दफा ७७ कोरोना भत्ता र दफा २१ जीवन बीमा वापतको रकम असुल दाखिल गर्नुपर्ने | | संलग्न बमोजिमको कोरोना भत्ता वापत रु.३३२५००.० र बीमा बापत रु.७८११३७.० असुल दाखिला गरि पालिकाले आम्दानी बाँधेको रु. | १११३६३७.० | |

| नाम | कोरोना भत्ता | विमा वापत |
|---|---|---|
| अध्यक्ष श्री प्रदिप कुमार चौधरी | ३३५००.० | १३७५३९.० |
| उपाध्यक्ष श्री उमा महतो | २८५००.० | १०६६७८.० |
| वडा अध्यक्षश्री धनीराम चौधरी | २२५००.० | ३६०९६.० |
| वडाध्यक्ष श्री रामकृष्ण थारु | २२५००.० | ४१९५६.० |
| वडा अध्यक्ष श्री प्रदिप कुमार शाह | २२५००.० | ३७३०७.० |
| वडा अध्यक्ष श्री गगन | २२५००.० | ४१९५६.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| सिंह चौधरी | | |
| वडा अध्यक्ष श्री भिम बहादुर थारु | २२५००.० | ३३८४१.० |
| वडा अध्यक्ष श्री लक्ष्मण चौधरी | २२५००.० | ४२६३२.० |
| वडा अध्यक्ष श्री डम्मर बहादुर थारु | २२५००.० | ३६०९६.० |
| का.पा.सदस्य श्री फुलपति देवी कठरिया | १३०००.० | ३००३५.० |
| का.पा. सदस्य अनिता कुमारी चौधरी | १३०००.० | २७०७९.० |
| का.पा. सदस्य श्री रामकिसनी चौधरी | १३०००.० | २९३८८.० |
| का.पा. सदस्य श्री रमेश टमट्टा | १३०००.० | २७००६.० |
| का.पा.सदस्य श्री शान्ति देवी कामी | १३०००.० | ३०४९१.० |
| वडा सदस्य श्री महेशरा देवी कामी | ८०००.० | ३७८६३.० |
| वडा सदस्य श्री भागमती चौधरी दमाई | ८०००.० | २६८९३.० |
| वडा सदस्य श्री सिता चौधरी | ८०००.० | २७२४६.० |
| वडा सदस्य श्री दिपक देवी न्यौपाने | ८०००.० | ३००३५.० |
| वडा सदस्य श्री टंक बहादुर चौधरी | ८०००.० | |
| वडा सदस्य श्री भगवति चौधरी | ८०००.० | |
| जम्मा | ३३२५००.० | ७८११३७.० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १८ | २०७५।७६ | दफा १८- नपाउने बैठक भत्ता भुक्तानी रकम असुल गर्नुपर्ने रु. | संलग्न बमोजिमका पदाधिकारीको बैठक भत्ता वापतको रकम असुल दाखिला भइ आएको | २१२५००.० | | |

| नाम | रकम |
|---|---|
| अध्यक्ष श्री प्रदिप कुमार चौधरी | २२०००.० |
| उपाध्यक्ष श्री उमा महतो | ११०००.० |
| वडा अध्यक्षश्री धनीराम चौधरी | १६५००.० |
| वडाध्यक्ष श्री रामकृष्ण थारु | १२०००.० |
| वडा अध्यक्ष श्री प्रदिप कुमार शाह | १२५००.० |
| वडा अध्यक्ष श्री गगन सिंह चौधरी | १६०००.० |
| वडा अध्यक्ष श्री भिम बहादुर थारु | १३०००.० |
| वडा अध्यक्ष श्री लक्ष्मण चौधरी | १७०००.० |
| वडा अध्यक्ष श्री डम्मर बहादुर थारु | ९०००.० |
| का.पा.सदस्य श्री फुलपति देवी कठरिया | १६५००.० |
| का.पा. सदस्य अनिता कुमारी चौधरी | १४५००. |
| का.पा. सदस्य श्री रामकिसनी चौधरी | १३०००.० |
| का.पा. सदस्य श्री रमेश टमट्टा | १४५००. |
| का.पा.सदस्य श्री शान्ति देवी कामी | १८०००.० |
| वडा सदस्य श्री सिता चौधरी | १०००.० |
| वडा सदस्य श्री टंक बहादुर चौधरी | ६०००.० |
| | २१२५००.० |

| | |
|---|---|
| जम्मा | २३५८२४६६.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | अध्यावधिक बेरुजु<br>यस गाँउपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजूको स्थिति देहायअनुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष कायम बेरुजू(B) | संपरीक्षणबाट कायम बेरुजू(C) | अध्यावधिक बाँकी बेरुजू (D=A+B+C) |
|---|---|---|---|
| १२९३९१ | २५२८६ | ४१८ | १५५०९५ |


https://nams.oag.gov.np